# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः४० मितिः २०८१।०८।२०


## भाग-२

## इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

### इनरुवा नगरपालिकाको सहकारी नियमावली, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०८।०६
प्रमाणीकरण मितिः २०८१।०८।२० गते

# इनरुवा नगरपालिकाको सहकारी नियमावली, २०८१

इनरुवा नगरपालिकामा नगरस्तरमा सहकारी संघ संस्था दर्ता, सञ्चालन एवम नियमन सम्बन्धी व्यवस्था गर्न वान्छनिय भएकोले इनरुवा नगर सहकारी  ऐन, २०७५ को दफा १०३ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगर कार्यपालिकाले यो नियमावली जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमहरुको नाम इनरुवा नगरपालिकाको सहकारी नियमावली, २०८१ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा ।

(क) “ऐन” भन्नाले इनरुवा नगरपालिकाको सहकारी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “नियमावली” सङ्घीय सहकारी नियमावली, २०७५ लाई सम्झनु पर्छ ।

(ग) “कर्जा” भन्नाले चलअचल सम्पत्ति धितो बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिइ वा नलिइ सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, ब्याज र हर्जाना रकम सम्झनु पर्छ । यस शब्दले संस्थाले कुनै बैंक वा छाता संघबाट ब्याज सहित फिर्ता गर्ने गरी लिएको कर्जाको साँवा, ब्याज र हर्जाना रकम समेतलाई जनाउनेछ ।

(घ) “व्यवस्थापक” भन्नाले सहकारी संस्थाको व्यवस्थापक सम्झनु पर्छ । यस शब्दले सञ्चालक समितिको सचिव वा समितिले संस्थाको दैनिक कार्य सञ्चालनको लागि जिम्मेवारी तोकि दिएको ब्यक्तिलाई समेत बुझाउनेछ

(ङ) “संस्थागत पुँजी” भन्नाले सहकारी संघ/संस्थाको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटा पूर्ति कोषको रकम सम्झनु पर्छ ।

(च) “कार्यपालिका” भन्नाले इनरुवा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(छ) “समिति” भन्नाले सहकारी संस्थाको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(ज) “संघिय सहकारी ऐन” भन्नाले नेपाल सरकारको राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा रहेको सहकारी ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(झ) “विभाग” भन्नाले नेपाल सरकारको सहकारी विभागलाई सम्झनु पर्छ ।

(ञ) "रजिष्ट्रार" भन्नाले संघीय सहकारी ऐन, प्रदेश सहकारी ऐन बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ । यस शब्दले ऐनको दफा ७० बमोजिम तोकिएको दर्ता गर्ने अधिकारीलाई समेत जनाउनेछ ।

(ट) "कार्यालय" भन्नाले इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई सम्झनु पर्छ ।

(ड) "नगरपालिका" भन्नाले इनरुवा नगरपालिका सम्झनु पर्छ ।

(ढ) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले संस्थाको विनियम बमोजिम स्वीकृत भौगोलिक कार्यक्षेत्र भित्र बसोबास गरी संस्थाको शेयर खरिद गरेका ब्यक्तिलाई जनाउनेछ ।

(त) "प्राथमिक पुँजिकोष" भन्नाले सहकारी संस्थाको शेयर पुँजि, जगेडाकोष र घाटापुर्ति कोष समेतको रकमलाई बुझाउनेछ ।

(थ) "सहकारी बिकास बोर्ड" भन्नाले ऐनको दफा ६९ बमोजिम गठन भएको इनरुवा नगर सहकारी बिकास बोर्डलाई जनाउनेछ ।

(द) "अनुदान" भन्नाले इनरुवा नगरपालिकाले तोकेको क्षेत्र, सीमा, प्रकृतिमा लगानी गर्न इनरुवा नगरपालिका वा वडा कार्यालयबाट प्राप्त हुने सहयोग रकम सम्झनु पर्छ । यो शब्दले इनरुवा नगरपालिका बाहेक नेपाल सरकार, प्रदेश सरकार वा अन्य कुनै निकायबाट उपलब्ध हुने सहयोग रकम समेतलाई जनाउनेछ ।

## परिच्छेद-२

## संस्था गठन, दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था

**३. संस्थाको गठनः** (१) ऐनको दफा ३ को उपदफा (३) बमोजिम पेशागत संगठनका आधारमा संस्था गठन गर्दा देहायका शर्त वन्देज पूरा भएको हुनुपर्नेछः

(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत संगठनका सदस्यहरु मात्र सदस्य हुनु पर्ने,

(ख) संस्थाको कार्यक्षेत्र बढीमा इनरुवा नगरपालिकाको भौगोलिक क्षेत्रसम्म हुनुपर्नेछ।

(ग) इनरुवा नगरपालिकाको भौगोलिक क्षेत्र भरीमा आफनो पेशागत संगठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनु पर्ने ।

(२) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत सङ्गठनको सिफारिस संलग्न गर्नु पर्नेछ ।

(३) पचास जना भन्दा कम कर्मचारी, शिक्षक वा प्राध्यापकहरु कार्यरत रहेको कार्यालयमा संस्था गठन गर्दा त्यस्तो कार्यालयमा कम्तीमा पन्ध्र जनाको स्थायी दरवन्दी स्वीकृत भई कार्यरत हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थाको आधारमा गठन हुने संस्थामा त्यसमा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारी सदस्य हुन सक्नेछन् ।

(५) विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थामा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारीले यस नियम बमोजिम गठन हुने एकै प्रकृतिको कुनै एकमात्र संस्थाको सदस्यता लिन सक्नेछन् ।

(६) यस नियम बमोजिम दर्ता भएका संस्थाहरुले देहायका कार्यहरु मात्र गर्न सक्नेछन् ।

(क) सदस्यहरुबाट विनियममा तोकिएको सीमासम्म मासिक वचत संकलन गर्ने ।

(ख) खण्ड (क) बमोजिम संकलित बचत सदस्यहरुलाई ऋण तथा सापटीको रुपमा परिचालन गर्ने

(ग) सदस्यहरुको बौद्धिक विकास, कला एवं साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने ।

(७) यस नियम बमोजिमको संस्थाको गठन तथा अन्य व्यवस्था कार्यपालिकाबाट स्वीकृत कार्यविधि/मापदण्ड/ कार्यविधि बमोजिम हुनेछ ।

**४. <u>संस्था दर्ताका लागि दरखास्तको ढाँचा र पेश गर्नुपर्ने विवरणः</u>**

(१) ऐनको दफा ५ को उपदफा (२) बमोजिमको दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि अनुसूची —१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिँदा देहायका विवरण समेत संलग्न गर्नुपर्नेछ ।

(क) प्रारम्भिक भेलाका निर्णयहरु,

(ख) अनुसूची २ को ढाँचामा संभाव्यता अध्ययन प्रतिवेदन,

(ग) अनुसूची ३ को ढाँचामा आवेदकहरुको विवरण फारम,

(घ) अनुसूची ४ को ढाँचामा व्यवसायिक कार्ययोजना,

(ङ) अनुसूची ५ को ढाँचामा सदस्यबाट शेयरपुँजी तथा प्रवेश शुल्क वापत सङ्कलित रकमको भरपाई,

(च) अनुसूची ६ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण,

(छ) अनुसूची ७ को ढाँचामा स्वघोषणा पत्र,

(ज) अनुसूची ८ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र,

(झ) अनुसूची १० को ढाँचामा तयार गरेको संस्थाको विनियम २ प्रति,

(ञ) विभागले तोके बमोजिम आवेदकहरुले कम्तिमा एक दिवसीय पूर्व-सहकारी शिक्षा प्राप्त गरेको प्रमाण पत्र,

(ट) आवेदकहरुको नेपाली नागरिकताको प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी,

(ठ) पेशागत सङ्गठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनको आवद्धताको परिचय पत्रको प्रतिलिपी,

(ड) आवेदकहरु प्रत्येकले संस्थाको कार्ययोजना बमोजिम सेवा उपयोग गर्ने आधार ।

(ढ) संस्था दर्तागर्ने निकायले दर्तागर्नु अघि अनुसूची १६ अनुसारको विवरण खोली पन्द्र दिने सार्वजनीक सूचना स्थानिय पत्रीका तथा कार्यालयको वेबसाइटमा र सम्बन्धीत वडा कार्यालयको सूचनापाटिमा प्रकाशित गर्नुपर्नेछ ।

(३) तत्कालिन सहकारी डिभिजन कार्यालयबाट अभिलेख हस्तान्तरण भै आएका तथा इनरुवा नगरपालिका भित्र सङ्घ र प्रदेश तहमा हस्तान्तरण भएका सबै संस्थाहरुले यो नियमावली जारी भएको ६ महिना भित्रमा देहायका कागजातहरु सहित अनिवार्य रुपमा कार्यालयमा सूचीकृत भई सक्नु पर्नेछ ।

(क) संस्था दर्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी ।

(ख) स्थायी लेखा प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी ।

(ग) संस्थाको स्वीकृत विनियमको प्रमाणीत प्रतिलिपी ।

(घ) पछिल्लो साधारणसभाको प्रतिवेदन तथा निर्णय ।

(ङ) पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रमाणीत प्रतिलिपी ।

(च) बहालवाला सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको ब्यक्तिगत बिवरण ।

(छ) नगरपालिका कार्यालयमा सूचीकृत हुनका लागि सञ्चालक समितिको बैठक निर्णय सहितको पत्र ।

(४) इनरुवा नगरक्षेत्रमा आवद्ध रहेका र नगरक्षेत्रमा कार्यालय रहेका सबै खाले सहकारी संस्थाहरुको हित प्रवद्धन र संस्थागत सुदृढिकरणका लागि नगरपालिकाले आवश्यक सहयोग प्रदान गर्न सक्ने छ ।

५. **बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्डः** (१) यस नगरपालिकामा प्रत्येक वडामा रहेको जनसंख्याको आधारमा प्रत्येक दुई हजार जनसङ्ख्यामा एउटा संस्था नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोवार गर्न सक्ने गरी सहकारी संस्था दर्ता गर्न सकिने छ ।

(२) उपनियम (१) बमोजिमको संस्था सङ्ख्या निर्धारण गर्दा नगरपालिका भित्र र वडा भित्र कार्यालय रहेका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरुको मात्र आधार लिइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मापदण्ड भन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरु दुई बर्ष भित्र नियम ३३ बमोजिम एकिकरण भई सक्नु पर्नेछ । तर महिलामात्र सदस्य भएको संस्था एकिकरण गर्दा महिलामात्र सदस्य भएको संस्थासँग वा एकिकरण पश्चात पनि महिलाहरुको नेतृत्व सुनिस्चित हुने गरी एकिकरण गर्न सकिनेछ ।

६. **सहकारी संस्थाको कार्यक्षेत्रः** (१) ऐनको दफा (९) बमोजिम संस्थाको कार्यक्षेत्र सदस्यको सीप, पेशा र प्रकृति समेतबाट फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने देखिएमा यस नगरपालिकाको क्षेत्र सम्म हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावित कार्यक्षेत्रको कुनै वडामा संस्थाका आवेदकहरुको बसोबास नभएको भए त्यस्तो वडा कार्यक्षेत्रमा समावेश गरिने छैन ।

(३) ऐनको दफा (९) को उपदफा २ बमोजिम कार्यक्षेत्र विस्तार गर्दा देहायका विशेष व्यवसायिक आवश्यक्ताको आधार लिनु पर्नेछः

(क) उत्पादनको सङ्कलन, सञ्चय, प्रशोधन सुविधाका दृष्टिले न्युनतम आयतन (भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्र सम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिँचाइ सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाइ कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रति एकाई लागत, सञ्चालन खर्च, व्यवस्थापकिय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट कार्यक्षेत्र विस्तार आवश्यक भएको । तर संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवं व्यवसायिक सेवा विस्तारको मनासिव स्तर हासिल नभए सम्म त्यस्तो संस्थाको कार्यक्षेत्र विस्तार गर्नु हुँदैन ।

(४) ऐन तथा यस नियमावली बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पुरा गर्नुपर्नेछ

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको,

(घ) विनियम संशोधनको प्रक्रिया पुरा भएको,

(५) ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरुको कार्यक्षेत्र कायम गर्ने प्रयोजनको लागि त्यस्ता संस्थाहरुले पेश गर्ने कार्य सञ्चालन प्रतिवेदनमा ऐनको दफा (९) को उपदफा (४) मा उल्लेखित विवरणहरुको अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नुपर्नेछः

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसार सञ्चालन खर्च, कारोवार र नाफा नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको वडा अनुसार सदस्यहरुको नाम, थर, ठेगाना, शेयर र वचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यवसायिक सेवा सुविधाहरुको वडा अनुसारको विवरण,

(६) ऐनको दफा ९ को उपदफा ६, १० र ११ को प्रयोजनका लागि सहकारी संस्थाको मौजुदा कार्यक्षेत्र भित्रको वडा झिकी कार्य क्षेत्र घटाउने निर्देशन दिँदा झिकिने कार्यक्षेत्र भरिको गरी जम्मा सदस्य सङ्ख्या पन्ध्र प्रतिशत भन्दा कम सदस्य सङ्ख्या भएको हुनुपर्नेछ ।

(७) ऐनको दफा (९) को उपदफा ५, १० र ११ बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्र भित्रको वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिँदा झिकिने कार्यक्षेत्र भरिको गरी पाँच करोड रुपैया वा जम्मा

कारोवारको पन्ध्र प्रतिशत जुन घटी हुन्छ सो भन्दा कम व्यवसायिक सेवा सञ्चालन भएको देखिएको हुनुपर्नेछ ।

स्पष्टिकरणः यस उपनियमको प्रयोजनका लागि "कारोवार" भन्नाले सहकारी संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्ष सम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा विक्रि कारोवारको जोड सम्झनु पर्छ ।

७. **कार्यक्षेत्र विस्तार सम्बन्धमाः** (१) साविकमा दर्ता भई सञ्चालनमा रहेका वचत तथा ऋण को मुख्य कारोवार गरिरहेका सहकारी संस्थाहरुले स्विकृति लिएको कार्यक्षेत्रका प्रत्येक वडाहरुमा न्यूनतम १०० जना शेयर सदस्य पुरा भई उदेश्य अनुसारको सेवा प्रदान गरि आएको भए १ वडा सम्म कार्यक्षेत्र थप गर्न स्विकृति दिन सकिने छ ।

(२) उपनियम (१) बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्न माग गर्ने प्रयोजनका लागी कार्यक्षेत्र विस्तार हुने वडाका कम्तीमा ३० जना व्यक्तिहरुले सस्थांको सदस्यता प्राप्त गर्नका लागि आवेदन गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कार्यक्षेत्र विस्तार गर्नका लागि संस्थाको साविकको कार्यक्षेत्र सँग सिमाना जोडिएको एक पटकमा एक वडा सम्म मात्र स्विकृत गर्न सकिनेछ ।

(४) उपनियम (१) बमोजिम कार्यक्षेत्र विस्तार गर्नका लागि नियम ५ को उपनियम (३) बमोजिमको अवस्था भएमा मात्र कार्यक्षेत्र थप गर्न सकिने छ ।

(५) वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्था वाहेक अन्य संस्थाको हकमा नियम ५ को उपनियम (३) बमोजिम अवस्था भएमा एक पटकमा ३ वटा वडा सम्म कार्यक्षेत्र थप गर्न सकिनेछ ।

(६) उपनियम (५) बमोजिम कार्यक्षेत्र थप गर्दा साविक कार्यक्षेत्र रहेका वडा सँग सिमाना जोडिएका वडाहरु मात्र थप गर्न सकिनेछ ।

(७) कार्यक्षेत्र विस्तार सम्बन्धी अन्य व्यवस्था कार्यालय तोकेको मापदण्ड बमोजिम हुनेछ ।

८. **सेवाकेन्द्र विस्तार सम्बन्धमाः** (१) वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको कार्यालय रहेको वाहेकका वडामा सेवा केन्द्र विस्तार गर्नुपरेमा सेवा केन्द्र विस्तार गरिने वडामा संस्थाका शेयर सदस्य संख्या कम्तिमा दुई सय भएको हुनुपर्नेछ तथा यसरी सेवाकेन्द्र विस्तार गर्दा दिगोपना र सवलीकरणमा ध्यान दिनुपर्छ ।

(२) सेवा केन्द्र विस्तार सम्बन्धी अन्य व्यवस्था कार्यालयले तोकेको मापदण्ड बमोजिम हुनेछ ।

९. **सहकारी संस्थाको वर्गीकरणः** (१) विषयगत आधारमा संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

(क) उत्पादक संस्थाः कृषि, दुग्ध, चिया, कफी, उखु, जुनार, सुपारी, जडीवुटी, बीउविजन, मौरीपालन, तरकारी तथा फलफुल, पशुपन्छीपालन र माछापालन विशेषका विषयगत र अगुवाबाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमुलक संस्था ।

(ख) उपभोक्ता संस्थाः उपभोक्ता भण्डार, विद्युत, सञ्चार र स्वास्थ्य विशेषका विषयगत र प्रथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था ।

(ग) वित्तीय संस्थाः बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्था ।

(घ) श्रमिक संस्थाः हस्तकला, खाद्य परिकार, गैर खाद्य औधोगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना लगायत अन्य श्रममा आधारित संस्था ।

(ङ) बहुउद्देश्यीय संस्थाः उत्पादन, उपभोग, वित्तीय र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने बहुउद्देश्यीय संस्था ।

(२) उपनियम (१) को खण्ड (क) र (ख) मा उल्लिखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रमको आधारमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका विषयमा इनरुवा नगरपालिकाले समेत राजपत्रमा सूचना प्रकाशन गरी थप विषय तोक्न सक्नेछ । तर यसमा लेखिएको कुनै कुराले प्रारम्भिक तहमा उपनियम (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्नेछैन ।

१०. <u>विषय परिवर्तन सम्वन्धी व्यवस्थाः</u> (१) कुनै सहकारी संस्थाका सदस्यहरुले आफ्नो व्यवसायिक आवश्यक्ताको आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कुल सदस्य संख्याको बहुमतबाट निर्णय गराई सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सो को स्वीकृतिको लागि अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विषय परिवर्तनको लागि विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधीनमा रही कार्यालयले निर्धारण गरेको शर्त र कार्यविधी पुरा भएको हुनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले जाँचवुझ गरी संसोधन गरीएको विनियम स्वीकृत गर्नु पर्नेछ । तर नियम ५(१) बमोजिम संख्या निर्धारण गरिएको अवस्थामा अन्य प्रकृतिका सहकारी संस्थालाई बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने गरी बिषय परिवर्तनको स्वीकृति दिईने छैन ।

११. <u>कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका आधारः</u> (१) ऐनको दफा (१२) को उपदफा (५) बमोजिम एकै वा फरक प्रकृतिका दुइ वा दुइ भन्दा बढी संस्थाले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(क) सम्बन्धीत संस्थाका सदस्यहरुको आवश्यक्तामा आधारित उत्पादनको मूल्य श्रृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रवन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरुको लोकतान्त्रिक प्रणाली, प्रतिफल वितरण लगायत व्यवसायिक प्रस्तावनाको विस्तृत रुपरेखा तयार गरिएको,

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्वद्ध संस्थाहरु प्रत्येकको साधारण सभाको कायम रहेको कूल सदस्य सङ्ख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्तावना संयुक्त रुपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्वद्ध संस्थाहरु बीच कम्तीमा पाँच वर्षको करार बन्दोवस्त भएको हुनुपर्ने,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययन बाट सम्भाव्य देखिनुपर्ने,

(च) प्रचालित कानुन बमोजिम स्थानिय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट अनुमतिपत्र, स्वीकृति वा इजाजत लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पन्न गरी सम्बन्धीत संस्था वा सङ्घले तत्सम्वन्धि सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारी बाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकारी वा दर्तागर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले पन्ध्र दिन भित्र आवश्यक जाँचबुझ गरी संयुक्त वा साझेदारीमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न स्वीकृति दिइनेछ ।

(४) उपनियम (३) बमोजिमको अनुमति दिएको जानकारीको दर्ता गर्ने अधिकारी वा दर्तागर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले सोको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(५) यस नियम बमोजिम अनुमति पाएको संयुक्त वा साझेदारीमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने संस्थाले दर्तागर्ने अधिकारीले तोकेको ढाँचामा नियमित रुपमा प्रगति विवरण र बार्षिक लेखापरिक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१२. <u>सहकारी संस्थाको विनियमः</u>**

(१) संस्थाले विनियम बनाउँदा अनुसूची १० मा उल्लिखित विषयहरु समावेश गर्नुपर्नेछ ।

(२) सहकारी बैंङ्क, बचत तथा ऋणको विषयगत संघ, संस्था बहुउद्देश्यीय संघ, संस्था जस्ता बित्तिय सहकारी संघ, संस्था बाहेक उत्पादक सहकारी संस्था, सेवा सहकारी संस्था (श्रमिक संस्था, स्वास्थ्य संस्था, यातायात संस्था) उपभोक्ता सहकारी संस्थाका विनियममा बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी उद्देश्य वा कार्य समावेश गर्नु हुँदैन ।

(३) सहकारी संस्थाको प्रकृति हेरी दर्ता गर्नेले अधिकारीले थप विषयहरु विनियममा समाबेस गर्ने गरी तोक्न सक्नेछ ।

**१३. <u>विनियम संशोधन सम्बन्धी व्यवस्थाः</u>** संस्थाले आफ्नो विनियम संसोधन गर्नका लागि देहायका प्रक्रिया पुरा गर्नुपर्नेछ ।

(१) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम संसोधन प्रस्ताव पारित गरेको हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रक्रियाको लागि दर्तागर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीबाट विनियम संसोधनको सैद्धान्तिक सहमति लिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सैद्धान्तिक सहमति प्राप्त गर्न समितिको बैठकबाट विषय खुलाई विनियम संसोधन सम्बन्धी निर्णय गरेको हुनुपर्नेछ ।

(४) दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले उपनियम (२) बमोजिम सैद्धान्तिक सहमति दिँदा संघिय सहकारी ऐन, प्रदेश सहकारी ऐन, स्थानिय सहकारी ऐन, सहकारीका मुल्य, मान्यता तथा अन्य प्रचलित कानुनको प्रतिकुल नहुने गरी दिन सक्नेछ ।

(५) उल्लेखित प्रक्रिया पुरा भई आएकोमा दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले अनुसूची ११ को ढाँचामा विनियम संसोधनको स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद-३

## साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

१४. **संस्थाको सधारण सभाः** (१) संस्थाले आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा साधारण सभा सम्पन्न गरी सोको प्रतिवेदन कार्यालयमा वुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन पेश गर्दा वार्षिक लेखापरीक्षण प्रतिवेदन, साधारण सभाको निर्णय पुस्तिकाको प्रतिलिपी, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन लगायतका आवश्यक कागजात समेत पेश गर्नु पर्नेछ ।

(३) साधारण सभाको निर्णय पुस्तिका प्रमाणीत गर्ने समितिमा सञ्चालक समिति सवै र साधारण सभाले छनौट गरेको सञ्चालक समिति सदस्य संख्या भन्दा कम्तिमा एक जना बढीको संख्याका प्रतिनिधीहरु रहनेछन् ।

(४) उपनियम (२) बमोजिमको निर्णय पुस्तिका तथा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनको प्रतिलिपी अध्यक्षले प्रमाणीत गरेको हुनुपर्नेछ ।

(५) उपनियम (२) बमोजिमको विवरण साधारण सभा सम्पन्न भएको मितिले पन्ध्र दिन भित्र कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

(६) साधारण सभामा निर्वाचनबाट सञ्चालक र लेखा सुपरिवेक्षण समिति छनौट भएको भए निर्वाचित पदाधिकारी सदस्यहरुको फोटो सहितको व्यक्तिगत विवरण समेत पेश गर्नुपर्नेछ ।

(७) साधारण सभा समक्ष प्रस्तुत गरिने प्रस्तावित नीति तथा कार्यक्रम, बार्षिक प्रतिवेदनहरु तथा लेखापरीक्षण प्रतिवेदन साधारण सभा सुरु भन्दा कम्तिमा ७ दिन अगावै सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ ।

(८) उप नियम (७) अनुसारका विवरण उपर साधारण सभामा विभिन्न समूहहरु बनाई पर्याप्त छलफल गराई प्राप्त राय सुझाव समेटेर सभाको बैठकमा निर्णयार्थ प्रस्तुत गर्नु पर्नेछ ।

(९) साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु कार्यपालिकाबाट स्वीकृत मापदण्ड/निर्देशिका तथा संस्थाको आन्तिरिक कार्यविधि बमोजिम हुनेछ ।

(१०) साधारण सभामा आएका फरक मतलाई आवश्यक छलफल सहित अभिलेखिकरण गर्नु पर्नेछ ।

**१५. <u>साधारण सभा सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) ऐनको दफा २९ को उपदफा (५) मा उल्लिखित सदस्य सङ्ख्या भएको संस्थाको साधारण सभा एकै स्थानमा गर्न असुविधा हुने देखी समितिले साधारण सभाको लागि तय भएका समान कार्यसूची उपर छलफल गर्न साधारण सभा बोलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलाइएको साधारण सभामा सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका सदस्यको उपस्थितिमा उपनियम (५) बमोजिमको एकाइमा रहेका बहुमत सदस्यहरुको उपस्थितिमा त्यस्तो साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न विनियममा उल्लेख भए बमोजिमको सङ्ख्यामा प्रतिनिधी छनौट गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम छनौट भएका प्रतिनिधीले साधारणसभाको अन्तिम निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने सम्बन्धमा छनौट भएका प्रतिनिधीहरुका वीच मतैक्यता हुन नसकेमा उपस्थित प्रतिनिधीहरुको बहुमतबाट भएको निर्णय बमोजिम हुनेछ ।

(५) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठक देहाय बमोजिम गराउनु पर्नेछः—

(क) संस्थाको कार्यक्षेत्रलाई विभिन्न एकाईमा सदस्य सङ्ख्याको आधारमा विभाजन गर्ने ।

(ख) सम्बन्धीत एकाइमा रहेका सदस्य सङ्ख्याको आधारमा प्रतिनिधी सङ्ख्या यकिन गर्ने,

(ग) यकिन भएको सङ्ख्याको आधारमा प्रतिनिधी चयन गर्ने, र

(घ) साधारण सभाको समान कार्य सूचीमा एकाइमा रहेका सदस्यहरु बीच छलफल गर्ने र एकाइमा रहेका सदस्यहरुको धारणाको प्रतिनिधित्व चयन भएका प्रतिनिधीले गर्ने ।

(६) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठकमा सहभागिता सम्बन्धी अन्य व्यवस्था विनियममा भएको व्यवस्था बमोजिम हुनेछ ।

**१६. <u>तदर्थ समितिको गठनः</u>** (१) ऐनको दफा ३६ को उपदफा (४) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारी वा दर्तागर्ने अधिकारीबाट अधिकार प्राप्त गर्ने अधिकारीले सदस्यहरु मध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनु पर्नेछ ।

(क) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) साविकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(घ) उपलव्ध भएसम्म जम्मा सदस्यको कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्ने ।

१७. **सञ्चालक समितिको गठनः** (१) संस्थामा सधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको समिति संम्वन्धित संस्थाको विनीयममा उल्लेख भए अनुसारको संख्यामा रहनेछन् ।

(३) उपनियम (२) बमोजिमको सञ्चालक समितिमा निर्वाचित हुन संस्थाको सदस्यता प्राप्त गरेको एक कार्याकालको समयावधी पुरा भएको हुनु पर्नेछ । तर प्रारम्भिका साधारण सभाबाट निर्वाचित हुने निर्वाचनमा यो व्यवस्था लागु हुने छैन ।

(४) उपनियम (२) बमोजिमको निर्वाचित हुने सञ्चालक समितिको पदमा एकै परिवारका एक भन्दा बढी व्यक्ति एकै कार्यकालमा निर्वाचित हुन उमेदवारी दिन सक्ने छैनन् ।

(५) उपनियम (२) बमोजिमको निर्वाचित हुने सञ्चालक समितिको पदमा सोही वा अन्य कुनै संस्थाको कर्मचारीको पदमा वहाल रहेको हुनु नहुने ।

(६) नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहको कुनै पदमा निर्वाचित जनप्रतिनिधीहरु संस्थाको सञ्चालक समितिको पदमा निर्वाचित हुन उमेदवारी दिन पाउने छैनन् ।

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तह वा अन्तर्गतका कार्यालयमा कार्यरत व्यक्ति सो पदमा वहाल रहे सम्म संस्थाको सञ्चालक समितिको पदमा निर्वाचित हुन उमेदवारी दिन पाउने छैनन् ।

(८) उपनियम (२) बमोजिम गठन हुने सञ्चालक समिति/लेखा सुपरिवेक्षण समितिमा सम्भव भए सम्म कम्तिमा एक तिहाइ महिलाको प्रतिनिधीत्व रहनुपर्नेछ ।

(९) संस्थाको सञ्चालक समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाबाट स्वीकृत मापदण्ड/निर्देशिका बमोजिम हुनेछ ।

१८. **लेखा सुपरिवेक्षण समितिको योग्यताः** ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको सञ्योजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(१) सम्बन्धीत सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा १ कार्यकाल समय अविध पूरा भएको । तर प्रारम्भिक साधारणसभाबाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुको हकमा यो व्यवस्था लागू हुनेछैन ।

(२) संस्थालाई तिर्नु वा बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा वक्यौता रकम नरहेको,

(३) संस्था आफै वा अन्य निकायको तर्फबाट आयोजना गरेको व्यवस्थापन लेखापालन वा लेखापरिक्षण सँग सम्बन्धीत तालिम लिएको

(४) सम्बन्धीत संस्था, अन्यकुनै संस्था वा बैक वित्तीय संस्थाबाट लिएको ऋण नतिरी कालो सुचिमा परेको नहुनुपर्ने ।

(५) एकै प्रकृतिको अर्को संस्थाको सदस्य नभएको ।

(६) अरु कुनै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समिति वा कर्मचारी नरहेको ।

(७) २० बर्ष उमेर पुरा भएको ।

(८) अन्य योग्यताको हकमा प्रचलित कानुनले अयोग्य नठहरिएको ।

१९. **<u>संचालक समितिको बैठकः</u>** (१) संचालक समितिको बैठक अध्यक्षको निर्देशनमा नियमावली २ को (घ) अनुसारको व्यक्तिले बोलाउनेछन् ।

(२) समितिको बैठक आवश्यक्ता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ तर दुइ बैठकबीचको अवधि पैतालिस दिनभन्दा बढी हुनु हुँदैन ।

(३) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निजको उपस्थिति नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा सञ्चालकहरु मध्येबाट चुनिएको सदस्यले गर्नेछ ।

(४) उपनियम (२) को अवधि भित्र बैठक नबोलाइएमा बहुमत सदस्यहरुले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम बैठक नबोलाइएको आवस्थामा बहुमत सञ्चालक सदस्यहरु उपस्थित भइ सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् ।

(६) उपनियम (५) बमोजिम बोलाइएको बैठकको अध्यक्षता उपस्थित सञ्चालक मध्येबाट चुनिएको सञ्चालकले गर्नेछ ।

(७) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नु पर्नेछ ।

(८) समितिको बैठकको गणपुरक सङ्ख्या समितिको तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको बहुमत सदस्य सङ्ख्या हुनेछ ।

२०. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिका काम कर्तब्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् ।

क. सहकारी मूल्यमान्यता र सिद्धान्त अनुसार संस्थाको सञ्चालन गर्ने ।

ख. सहकारी संस्थाको उद्देश्य र प्राप्तिकालागि आवश्यक आर्थिक प्रशासनिक तथा सामाजिक कार्यहरु गर्ने गराउने ।

ग. नियमित वार्षिक साधारणसभा/विशेष साधारणसभा बोलाउने ।

घ. सहकारी संस्थाको सदस्यता प्रदान गर्ने, सहकारी सम्बन्धी शिक्षा र तालिम प्रदान गराउने, सदस्यको नामसारी गराउने, फिर्ता गराउने, सदस्यबाट हटाउने सम्बन्धि कार्य गर्ने ।

ङ. सहकारी संस्था संचालनको लागि आवश्यक आन्तरिक कार्यविधिहरु नीति निर्देशिकाहरु तयार गरी साधारण सभामा पेश गर्ने ।

च. कर्मचारी, कार्यालय र अभिलेख व्यवस्थापन गर्ने ।

छ. संस्थाको सम्पत्ति खरिद विक्री र सुरक्षा गर्ने तथा जोखिममा रहेका ऋणहरुको उचित व्यवस्थापन गर्ने ।

ज. विनियम संशोधन लगायत आन्तरिक कार्यविधि, नीति, निर्देशिकाहरु समय सापेक्ष संशोधन गराउने ।
सम्बन्धित विषयगत संघ लगायत अन्य तहगत छाता संघहरुको सदस्यता लिने र आवश्यक प्रतिनिधित्व गर्ने/गराउने ।

झ. आवधिक प्रतिवेदन तयार गरी सम्पादित कार्यको उपलब्धी समीक्षा गरी आवधिक रणनैतिक योजनातर्जुमा गर्ने

ञ. समानान्तर सहकारी संस्था/ विषयगत संघ लगायतका छाता संघहरु र सरोकारवाला अन्य विभिन्न निकायहरु संग सम्पर्क र समन्वय गर्ने ।

ट. सहकारी संस्थाको व्यवसायिक क्रियाकलाप सञ्चालन तथा संस्थाको कारोबार र सदस्य एवम् व्यवसायीको हित प्रवद्र्धनको लागि गर्नु पर्ने कार्यहरु गर्ने/गराउने ।

ठ. अघिल्लो आर्थिक वर्षको अवधिमा भए गरेका उपलब्धि तथा कार्यहरुबारेमा वार्षिक प्रतिवेदनको रुपमा साधारण सभाको माध्यमबाट शेयर सदस्यहरुलाई जानकारी गराउदै चालु आ.व.को लागि तयार गरिएका वार्षिक कार्य योजना,नीति कार्यक्रम र बजेट समेत पारित गराई कार्यान्वयन गर्ने/गराउने ।

ड. लेखा सुपरीवेक्षण समितिले आन्तरिक लेखा परीक्षण सम्पन्न गरी पेश गरेको वार्षिक प्रतिवेदन प्राप्त भएपछि सुधार गर्नु/गराउनु पर्ने कार्य सम्पन्न गरी नियम अनुसार बाह्य लेखापरीक्षण गराउने र साधारण सभाबाट अनुमोदन गराउने ।

ढ. कार्यकाल समाप्त हुने पटक साधारण सभाबाट नयाँ सञ्चालक/लेखा सुपरीवेक्षण समितिको निर्वाचन गराई संस्थाको सञ्चालन गर्ने जिम्मेवारी नयाँ समितिलाई हस्तान्तरण गर्ने।

ण. सहकारी संस्थाले आवधिक रुपमा तयार गर्नुपर्ने प्रतिवेदनहरु तयार गरी पठाउनु पर्ने सम्बन्धित निकायहरुमा पठाउने/पेश गर्ने ।

त. सहकारी संस्था/संघको उन्नति, प्रगति तथा समृद्धि र आवद्ध शेयर सदस्यहरुको लगानीको सुरक्षाका साथै सहकारीको माध्यमबाट सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि र समाजमा सहकारी प्रतिको विश्वसनीयता, आवश्यकता र अपरिहार्यता महशुस गराउन सक्ने विविध सामाजिक कार्य लगायत सहकारी ऐन, नियम विनियममा उल्लेखित अन्य सम्पूर्ण कार्यहरु गर्ने/गराउने

थ. सदस्यता प्राप्त गरेको छाता संगठन लगायत नियमनकारी निकायहरु (नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह) बाट भएका निर्देशन, परिपत्र तथा मापदण्ड कार्यान्वयन गर्ने/गराउने ।

द. संस्थाको समग्र कार्यसञ्चालनमा सदस्यहरुको रचनात्मक सहभागिता सुनिश्चित गर्ने, सदस्यहरुलाई नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

ध. ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनुका साथै प्राप्त निर्देशनहरुको कार्यान्वयनको व्यवस्था मिलाउने,

न. संस्थाको कार्य सञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण सम्वन्धी प्रचलित कानुन बमोजिमका व्यवस्थाहरुको कार्यान्वयन गर्ने, गराउने,

प. आवश्यक्ता अनुसार उपसमितिहरु गठन, विघटन तथा जिम्मेवारी तोक्ने,

फ. सहकारी संस्था/संघको उन्नति, प्रगति तथा समृद्धि र आवद्ध शेयर सदस्यहरुका लगानीको सुरक्षाका साथै सहकारीको माध्यमबाट सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि र समाजमा सहकारी प्रतिको विश्वसनीयता, आवश्यकता र अपरिहार्यता महशुस गराउन सक्ने विविध सामाजिक कार्य लगायत सहकारी ऐन, नियम एवं सम्बन्धित सहकारी संस्थाको विनियममा उल्लेखित अन्य सम्पूर्ण कार्यहरु गर्ने गराउने ।

२१. **<u>समिति / लेखा सुपरीवेक्षण समितिमा रहन नसक्ने अवस्थाः</u>** (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था दर्ता तथा नियमन सम्वन्धी कार्यमा प्रत्यक्ष रुपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत उपनियम (१) मा उल्लिखित पदाधिकारी वा कर्मचारी कुनै सहकारी संस्थाको समिति वा लेखा सुपरिवेक्षण समितिमा र सहकार संस्थाको नियमन गर्ने निकायमा रहेछ भने यो नियम प्रारम्भ भएको मितिले ६ महिना भित्र समिति वा लेखा सुपरीवेक्षण समिति वा त्यस्तो निकाय मध्ये कुनै एकबाट अलग हुनु पर्नेछ ।

२२. **<u>सञ्चालकलाई पदबाट हटाउन सक्नेः</u>** (१) ऐनको दफा ३४ अनुसार कुनै सञ्चालकलाई सञ्चालक पदबाट हटाउनु पर्ने भनि परेको उजुरी उपर छानविन गर्न साधारण सभाबाट ७ सदस्यीय एक छानविन समिति (सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति वाहेक) गठन गरिने छ ।

(२) ऐनको दफा ३४ अनुसार कुनै सञ्चालकलाई सञ्चालक पदबाट हटाउनु पर्ने उचित र पर्याप्त कारण भए सो कारण सहित ३०० जना सम्म सदस्य भएको संस्थामा कम्तिमा ११ जनाले र ३०० बढी सदस्य भएको संस्थामा कम्तिमा १५ जना सदस्यहरुले उपनियम (१) बमोजिमको समितिमा उजुरी दिन सक्नेछ ।

(३) आफु समक्ष परेको उजुरी छानविन गरी बहुमत सदस्यले पारित गरी साधारण सभाको बैठक समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(४) कुनैसंचालक सदस्यले संस्थाबाट गैह्रकानूनी लाभ लिएको भनी कुनै सदस्यले उजुरी दिएमा नियम २२ को (१) अनुसार गठन भएको छानविन समितिले त्यस्तो उजुरी उपर आवश्यक छानविन गरि सत्य तथ्य यकिन गरी थप कारवाहिको प्रकृयामा लैजाने वा तामेलीमा राख्ने निर्णय गर्नेछ ।

(५) वैयक्तिक गोपनियता लगायत यस सम्बन्धी अन्य बिषयहरु संस्थाको कार्यविधिमा तोके बमोजिम हुनेछ ।

२३. **<u>लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यताः</u>** ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः

(१) सम्बन्धीत सहकारी संस्थाको सदस्यता लिएको एक कार्यकालको अवधि पुरा भएको तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुको हकमा यो खण्ड लागू हुनेछैन ।

(२) संस्थालाई तिर्नु वा बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा वक्यौता रकम नरहेको,

(३) संस्था आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षण सँग सम्बन्धीत तालिम लिएको ।

२४. **<u>लेखा सुपरिवेक्षण समितिको गठनः</u>** (१) संस्थाको आन्तरिक नियन्त्रण प्रणाली लाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एक जना संयोजक र दुई जना सदस्यहरु रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समितिको गठन गर्नेछ ।

(२) एकै परिवारका एक भन्दा बढी व्यक्ति एकै अवधिमा संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उमेदवार वन्न वा निर्वाचित हुन सक्ने छैनन् ।

(३) उपनियम (१) बमोजिमको समितिमा नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तह वा अन्तर्गतका कार्यालयमा कार्यरत निर्वाचित प्रतिनिधीहरु वा कर्मचारीहरु उमेदवार वन्न वा निर्वाचित हुन सक्ने छैनन् ।

(४) लेखा सुपरिवेक्षण समिति सम्बन्धी अन्य व्यवस्था कार्यापालिकाले स्वीकृत गरको मापदण्ड/निर्देशिका बमोजिम हुनेछ ।

२५. **<u>लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारः</u>**

१. प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने/गराउने । आन्तरिक लेखा परीक्षण गर्दा लेखा परीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने/गराउने ।

२. वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने/गराउने ।

३. सञ्चालक समिति र उपसमितिको नियमित काम कार्वाहीको सुपरीवेक्षण गर्ने तथा आवश्यक राय सुझाव दिने ।

४. साधारणसभाबाट पारित निर्णय तथा सञ्चालक समितिका निर्णयहरु कार्यान्वयन भए/नभएको अनुगमन गर्ने ।

५. बिषयगत संघ, तहगत संघ विभाग लगायत अन्य निकायहरुबाट भएका निरीक्षण, अनुगमन र दिएका सुझाव एवम् निर्देशन कार्यान्वयनको अवस्था अनुगमन गर्ने ।

६. कार्यालय, विभाग लगायत नियमनकारी निकायहरुबाट जारी भएका परिपत्र, निर्देशन तथा मापदण्डहरु कार्यान्वयनको अवस्था अनुगमन गर्ने ।

७. शेयर सदस्यहरुलाई नियम अनुसार दिएको मुनाफा लाभांश लगायत अन्य सुविधाहरु र बचत निक्षेप हिसाबमा दिएको व्याज एवम् ऋण हिसाबमा लिने गरेको व्याज नियम अनुसार र निर्णय अनुसार भए नभएको अनुगमन गर्ने

८. सञ्चालक समिति, उपसमिति एवम् कर्मचारीले लिएका पारिश्रमिक भत्ता सुविधाहरु नियमित भए नभएको, कर्मचारी भर्ना प्रक्रिया पारदर्शी भए नभएको तथा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था बारेमा अनुगमन गर्ने ।

९. आवश्यक परे आन्तरिक लेखा परीक्षण समितिको लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।

१०. उपरोक्त अनुसारका विषयहरुमा गरेको अनुगमन र कार्यको अवस्थाको बारेमा बाह्य लेखा परीक्षण गराउनु अगावै आन्तरिक लेखा परिक्षणको प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गर्ने ।

११. लेखा सुपरीवेक्षण समितिले आन्तरिक लेखा परीक्षण गर्दा पाइएका कैफियतका सुधार, लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका त्रुटीहरुको सुधार तथा सञ्चालक समितिको काम कार्वाहीको सुपरीवेक्षण सम्बन्धी लगायतका विषयमा वार्षिक साधारण सभामा पेश गर्ने ।

१२. लेखा सुपरीवेक्षण समितिले पटक पटक दिइएका सुझावहरु कार्यान्वयन नगराएको कारणबाट सहकारी संस्थाको हितमा प्रतिकुल असर परेमा वा जिन्सी समेतको व्यापक दुरुपयोग हिनामिना वा अनियमितता भएको वा गम्भीर आर्थिक संकटमा पर्न लागेको अवस्था भएको लागेमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन सञ्चालक समिति समक्ष सिफारिस गर्ने ।

१३. संस्था र सदस्यको हितलाई दृष्टिगत गरी अनुगमन गर्नु पर्ने लागेका अन्य विषयहरुको अनुगमन गर्ने ।

१४. आवश्यक परेमा लेखा सुपरिवेक्षण समितिले विज्ञ सदस्य तथा बाह्य विज्ञको राय, सुझाव र सेवा लिन सक्नेछ ।

१५. सहकारी ऐन नियमावली मापदण्ड लगायत नियमनकारी निकायहरुबाट भएका परिपत्र, निर्देशन तथा मापदण्ड बमोजिम गर्नु गराउनु पर्ने कार्यहरु लगायत संस्थाको विनियममा उल्लेखित कार्यहरु गर्ने गराउने ।

## परिच्छेद ४

## बचत तथा ऋणको परिचालनः

२६. **सेवा शुल्क र नविकरण शुल्कः**

(१) सहकारी संस्थाले सदस्यबाट  सेवा शुल्क र नविकरण शुल्क लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्क र नविकरण शुल्क लिंदा सहकारी मापदण्ड वा कार्यविधीमा व्यवस्था भएको वा दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले अन्यथा निर्देशन दिएकोमा वाहेक संस्थाको विनियममा उल्लेखित सेवा शुल्क र नविकरण शुल्क लिन सक्नेछ ।

२७. **सदस्यको रकम फिर्ताः** (१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले संस्थालाई तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तानी गरेपछि निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन पारित भएको तीस दिनभित्र सम्बन्धीत संस्थाले निजलाई फिर्ता  दिनु पर्नेछ ।

(क) निजको शेयरको अङ्कित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांस बापतको रकम,

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता बापतको रकम

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रुपमा घटाई बाँकी रहेको हिसाव मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनु पर्नेछ ।

(३) ऐनको दफा ४३ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत ब्याज सहित तुरुन्त फिर्ता दिनु पर्नेछ । तर आवधिक वचतको रकम निर्धारित अवधि भुक्तान भएपश्चात फिर्ता गर्नु पर्नेछ ।

२८. **<u>व्याजदर सम्बन्धमाः</u>** (१) संस्थाले सदस्यलाई लगानी गरेको ऋणमा लिने व्याजको दर सन्दर्भ व्याजदर समितिले तोके भन्दा बढी हुने छैन,

(२) उपनियम(१) बमोजिमको व्याज असुल गर्दा व्याजलाई पुँजीकृत गरिने छैन तर संस्थाको निर्णय बमोजिम हर्जाना व्याज लिन वाधा पर्नेछैन ।

(३) संस्थाले निक्षेपमा दिने व्याजदर र ऋण लगानीमा असुल गर्ने औसत व्याजान्तर ( स्प्रेड रेट) ६ प्रतिशत भन्दा बढी हुने छैन ।

## परिच्छेद —५

## <u>कोष सम्बन्धी व्यवस्था</u>

२९. **<u>संरक्षित पूँजी फिर्ता कोषबाट रकम वितरण गर्ने आधारः</u>**

(१) ऐनको दफा ४८ को उपदफा ३ बमोजिम संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यलाई रकम वितरण गर्दा देहाय बमोजिम बार्षिक कारोवारको आधार लिनु पर्नेछ ।

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई विक्री गरेको उपजको खरिद मूल्य,

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचतमा दिएको ब्याज र लिएको ऋण रकममा तिरेको व्याज,

(ग) उपभोक्ता सम्वन्धी संस्थामा सदस्यले संस्थासँग खरिद गरेको बस्तु वा सेवाको मूल्य,

(घ) श्रमिक सम्वन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित आधार ।

(२) उपनियम(१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामाग्री विक्रि गरेकोमा त्यस्तो कारोवारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइनेछैन ।

(४) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्न बचत रकमको लागि चालिस प्रतिशत र ऋणमा तिरेको व्याज रकमका लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(५) गत आर्थिक वर्षको कारोवारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालु आर्थिक वर्ष भित्र वितरण गरिसक्नु पर्नेछ ।

(६) उप नियम (५) बमोजिम कुनै आर्थिक वर्षमा वितरण गरी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्न पर्नेछ ।

(७) संरक्षित पूँजी फिर्ता सम्वन्धी अन्य व्यवस्था विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

**३०. <u>अन्य कोष सम्वन्धी व्यवस्थाः</u>** (१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा २५ प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई १०० प्रतिसत मानी सोबाट कम्तीमा २५ प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पुँजी फिर्ता कोष र शून्य दशमलव पाँच (०.५%) प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिम सहकारी प्रवद्र्धन कोषमा छुट्टाएर बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी देहाय बमोजिमका कोषहरुमा कम्तीमा ५ प्रतिशत रकमको दरले छुटयाई वितरण गर्नुपर्नेछ ।

(क) सहकारी शिक्षा कोष

(ख) शेयर लाभाशं कोष

(ग) कर्मचारी बोनस कोष

(घ) सहकारी विकास कोष

(ङ) घाटापूर्ति कोष

(च) सामुदायिक विकास कोष

(छ) स्थिरीकरण कोष ( संघिय सहकारी ऐनमा व्यवस्था भए अनुरुपको)

(ज) अन्य जोखिम व्यवस्थापन कोष

(२) उप नियम (१)को खण्ड (ख) बमोजिमको शेयर लाभांस कोषबाट रकम बितरण गर्दा सदसयले खरिद गरेको अवधि र रकमको आधारमा १८% सम्म मात्र बितरण गर्नु पर्दछ ।

(३) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा ३ महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ ।

(४) उप नियम (२) र (३) बमोजिम शेयर लाभांस कोष र कर्मचारी बोनस कोषको रकम लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट पारित नगराई बितरण गर्न पाईने छैन ।

(५) उप नियम (२) र (३) बमोजिम अघिल्लो आर्थिक बर्षको शेयर लाभांस कोष र कर्मचारी बोनस कोष रकम चालु आर्थिक बर्ष भित्र बितरण नगरे वा बितरण गरी बाँकी रहेको रकम सोही बर्षको अन्तमा जगेडा कोषमा सार्नु पर्दछ ।

**३१. <u>अभिलेखः</u>** (१) ऐनको दफा ५१ बमोजिम सहकारी संस्थाले आफ्नो कार्य सञ्चालनको अभिलेखका साथै आफुले गरेको कारोवारको लेखा विभागले तोकेको तरिका र ढाँचामा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेखीकरण तथा लेखापालन गर्दा अन्य कुराका अतिरिक्त देहायका किताव, खातावही तथा विवरण समेत राख्नु पर्नेछ ।

(क) सदस्यता दर्ता किताव,

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरुका बैठकको छुट्टाछुट्टै कारबाही किताव,

(ग) नगदी बही

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा सङ्घ वा निकाय सँग कुनै कारोवार गरेको भए त्यस्तो कारोवार देखाउने दर्ता किताव,

(ङ) शेयर दर्ता किताव,

(च) मालसमानको मौज्दात (स्टक) दर्ता किताव,

(छ) ऋण लेनदेन दर्ता किताव,

(ज) बेरुजु एवं सम्परिक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पति र दायित्व सम्बन्धी अलग अलग खाता तथा सहायक खाताहरु,

(ञ) हिसाव परीक्षण सूची, आय व्यय र स्थिति विवरण पत्र,

(ट) समय समयमा कार्यालयले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु

(३) ३ करोड रुपैया भन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख तथा लेखा विभागले तोकेबमोजिमको निर्धारक पुरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नु पर्नेछ।तोकिएको सीमा रकम भन्दा कम रकमको कारोबार भए पनि संस्थाले स्वेच्छिक रुपमा (एप्लिकेशन सफ्टवेयर) सञ्चालन गर्न बाधा पर्ने छैन ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यवसायिक कारोवारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणाली (**Copomis**) मा अनिवार्य प्रविष्ट गर्नुपर्नेछ । तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(५) व्यवस्थापन सूचना प्रणाली (**Copomis**)को संचालन र ब्यावहारिक कार्यान्वयन गर्ने कर्मचारीलाई अनिवार्य रुपमा यस विधिको अभ्यास गर्ने गराउने वा तालिम दिने कार्यालयले ब्यवस्था मिलाउनेछ ।

(६) सहकारी संस्थाले आधारभुत अभिलेख तथा कारोबारको हिसाव किताव पृष्ठ सुरक्षा (व्याक अप) व्यवस्था सहित संरक्षण गर्नु पर्ने छ ।

## परिच्छेद—६

## छुट, सुविधा र सहुलियत

३२. __छुट, सुविधा र सहुलियतः__ (१) ऐनको दफा ५७ बमोजिम सहकारी संस्थाले आफ्नो कार्यालय वा सेवा केन्द्रको लागि जग्गा जमिन लगायत भवन खरिद गर्दा आय टिकट दस्तुर, छुट, सुविधा वा

सहुलियत प्राप्त गर्न सम्बन्धीत संस्थाले देहायको विवरण सहित दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारी बाट अधिकार प्राप्त व्यक्ति समक्ष निवेदन दिनु पर्नेछ ।

(क) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर, छुट, सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपुर्जा र सम्बन्धीत कागजातहरुको प्रतिलिपी,

(ख) साधारण सभाको बैठकबाट घर जग्गाधनीको नाम नामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्वर, क्षेत्रफल र मुल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रतिलिपी,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पुँजीबाट खरिद गर्नपुग्ने लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण,

(घ) अघिल्लो अर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पूँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पूँजी, जगेडा कोष र बचत रकमको दर्तावाल लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखाइ सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालना भएको अवस्था खुल्ने कागजात र सुधारको कार्ययोजना,

(च) नगरपालिकालाई तिर्नुपर्ने सबै किसिमका कर, दस्तुर वा जरिवाना तिरेको प्रमाणको प्रतिलिपी,

२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारी बाट अधिकार प्राप्त अधिकारीले छुट, सुविधाको लागि सम्बन्धीत निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद—७

## ऋण असुली तथा बाँकी बक्यौता

**३३. <u>ऋण तथा बाँकी वक्यौता असुलीः</u>** (१) ऐनको दफा ५८ बमोजिम सहकारी संस्थाको ऋण र दफा ६१ बमोजिम बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्रि गरी असुल उपर गर्दा सम्बन्धीत सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनु पर्नेछ ।

(क) बाँकी बक्यौता तिर्नु, बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैतीस दिनभित्र तिर्नु, बुझाउनु पर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी, बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउने,

(ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्यादभित्र तिर्नु बुझाउनुपर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी, बुझाई सकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम बिक्रि गर्ने सूचना प्रकाशन गर्ने,

(ग) धितो राखेको घर, जग्गा, जमिन मालपोत कार्यालयबाट रोक्का नगराइएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने,

(घ) धितो राखेको चलअचल सम्पत्तिको लिलाम बिक्री गर्दा धितोको विवरण, निजले बुझाउनुपर्ने सावाँ, व्याज र हर्जानाको रकम समेत उल्लेख गरी चल सम्पति भए १५ दिन र अचल सम्पत्ति भए ३५ दिनको म्याद दिई उक्त म्याद भित्र तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम विक्रि गरी साँवा, व्याज र हर्जानाको रकम असुलउपर गरिने बारेको सूचना सम्बन्धीत व्यक्तिलाई बुझाइ उक्त सूचना संस्थाको कार्यालय, सम्बन्धीत वडा कार्यालय र सार्वजनिक स्थलमा टाँस्नुका साथै स्थानीय वा राष्ट्रिय स्तरको कुनै दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने, तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम विक्रिको प्रक्रिया अगाडि बढाउन बाधा पर्नेछैन ।

(ङ) धितो लिलाम विक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्ने, तर लिलाम विक्री हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम विक्रि गर्नु पर्नेछ ।

(च) धितो लिलाम विक्रि गर्दा लिलाम गरिने चलअचल सम्पत्ति रहेको सम्बन्धीत वडाको प्रतिनिधी, मालपोलकार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धीत विषयका प्राविधिक, सम्बन्धीत संस्थाको व्यवस्थापक सहित समितिले चलन चल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बोल्न उपस्थित भई डाँक बढाबढी गर्ने व्यक्तिहरु मध्ये सबैभन्दा बढी डाँक बोल्ने ब्यक्तिको नाममा लिलाम विक्रि स्वीकृत गर्ने, तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामाकार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

(छ) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधीमा तोकिए बमोजिमको ढाँचाको फारममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सहिछाप गराउने ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्रि गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम विक्रि हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र वडा कार्यालयका प्रतिनिधीहरुलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ ।

(३) लिखित रुपमा अनुरोध गर्दा समेत उपनियम (२) बमोजिमको कुनै कार्यालयको प्रतिनिधी उपस्थित नभएमा उपस्थित प्रतिनिधी र वडा कार्यालयका प्रतिनिधीलाई साक्षी राखि लिलाम विक्री गर्नुपर्नेछ ।

(४) जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्रि गरिने हो सो व्यक्तिलाई लिलाम विक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ । तर त्यसरी लिलाम विक्रि हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा लिलाम विक्री गर्न बाधा पुगेको मानिनेछैन ।

(५) नगरपालिका भित्र रहेका सहकारी संस्थाबाट लिए ऋण तथा बाकी बक्यौता समयमा नतिरी भाखा नघाई अटेरगरी बसे त्यस्ता ब्यक्तीहरुको सम्बन्धमा सम्बन्धित सहकारी संस्थाबाट अनुरोध

भैआएमा जाचवुझ गर्दा लेखी आएको ब्यहोरा सही सत्य ठहरे त्यस्ता ब्यक्तिलाई नगरपालिकाबाट उपलब्ध हुने पञ्जीकरण बाहेकका अन्य शेवा सुविधाहरु बाट बञ्चित गराउन सक्ने छ ।

३४. **<u>लिलाम बिक्रि स्थगित गर्न सक्ने:</u>** नियम ३३ बमोजिम लिलाम विक्रिको सूचना प्रकाशित भइसके पछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिएको रकम जम्मा गरी निश्चित अवधि भित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्था वीच सहमति भई लिलाम बिक्रि स्थगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रिको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्तागर्ने अधिकारीले त्यस्तो लिलाम बिक्रि केही समयका लागि स्थगित गर्न सक्नेछ ।

३५. **<u>असुलउपर हुन नसकेको रकम अरु जायजेथाबाट असुलउपर गर्ने:</u>** (१) धितो राखेको सम्पत्ति लिलाम विक्रि गर्दा आएको रकमबाट साँवा, ब्याज हर्जाना र लिलामी कारबाही गर्दा खर्च भएको रकम असुलउपर हुन नसकेमा ऐन तथा प्रचलित कानुन बमोजिम बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट असुलउपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्रि गरी साँवा, ब्याज हर्जाना र लिलामी कारबाही गर्दा खर्च भएको रकम असुलउपर गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम विक्रि गर्दा लिलाम विक्रि हुने दिन सम्मको साँवा, व्याज हर्जाना र लिलामी कारबाही गर्दा खर्च भएको रकम असुलउपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनुपर्नेछ ।

३६. **<u>लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने:</u>** (१) लिलाम बिक्रिको कार्य सकिनासाथ लिलाम सकार गर्ने ब्यक्तिबाट सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन धरौटीको रुपमा लिई राख्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिन भित्र बुझाइसक्नु पर्नेछ तथा सो म्यादभित्र नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढी अंक डाँक बोल्ने व्यक्तिबाट निजले बोल कबोल गरेको अंकको १०% धरौटी रकम लिई निजको नाममा लिलाम सदर गर्नुपर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानुनबमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरिदिनकालागि सहकारी संस्थाले सम्बन्धीत कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

३७. **<u>लिलाम बिक्रि नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा:</u>** नियम ३३ र नियम ३५ बमोजिम लिलाम बिक्रि गर्नुपर्ने जायजेथा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफुमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धीत कार्यालयहरुले सहकारी

संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

**३८. जायजेथा फिर्ता दिनुपर्नेः** संस्थाको नाममा कायम हुन आएको जायजेथा ६ महिना भित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनु पर्ने साँवा र अघिल्लो दिन सम्मको व्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धीत खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धीत सहकारी संस्थाले आवश्यक प्रकृया पुऱ्याई फिर्ता दिनु पर्नेछ ।

**३९. जमानत दिनेको दायित्वः** (१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हद सम्म मात्र सिमित रहनेछ ।

(२) प्रचलित कानुनको अधिनमा रही जमानत वापतको दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्न सकिनेछ ।

## परिच्छेद—८

## एकिकरण, विघटन र दर्ता खारेज

४०. **सहकारी संस्थाको एकिकरणः** (१) ऐनको दफा ६५ बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका शर्त बन्देजहरु पुरा भएको हुनु पर्नेछ ।

(क) कार्यक्षेत्र एक अर्का सँग खप्टिएको वा जोडिएको हुनुपर्ने,

(ख) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृति भए तापनि मुलतः एकै बिषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,

(ग) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा नगरका वडा वा नगरको क्षेत्र भित्र रहने गरी गर्ने ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको पूर्व स्विकृती विना संवत २०४९ साल जेष्ठ २ गतेभन्दा अगाडी दर्ता भएका साझा (सहकारी) संस्थालाई अर्को संस्थामा एकीकरण गरिने छैन । अन्य कुनै सहकारी संस्था बिना कुनै सर्त त्यस्ता (साझा) संस्था सँग एकिकरण गर्न सहमति भए एकिकरण गर्न बाधा पर्ने छैन ।

(४) महिला मात्र सदस्य रहने संस्था महिला मात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनु पर्नेछ। तर महिलाको सकृय सहभागिता रहने गरी महिला मात्रले संचालन गरेका सहकारी संस्था अन्य सहकारी संस्थामा एकिकरण गर्न बाधा पर्ने छैन। विशेष रुपमा पिछडिएका समुदायमा स्थापित संस्थाको साङ्गठनिक गतिशीलता असर पर्ने गरी एकीकरण गरिने छैन ।

(५) एकिकरण सम्बन्धी अन्य व्यवस्था कार्यालयले जारीगरेको मापदण्ड बमोजिम हुनेछ ।

४१. **<u>सहकारी संस्थाको विभाजनः</u>** (१) ऐनको दफा ६५ बमोजिम सहकारी संस्थाको विभाजन गरी दुइ वा दुइभन्दा बढी संस्थाहरु कायम गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) बचत तथा ऋणको मुख्य कारोवार भएको सहकारी संस्थाको हकमा सो को कार्यक्षेत्र स्थानीय तहको एक भन्दा बढी भएको,

(ख) विभाजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरुको कार्यसञ्चालनमा सदस्यहरुको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको ।

(२) सहकारी संस्था विभाजन गर्दा मौजुदा कारोवारको प्रकृति अनुसार नियम ९ बमोजिमको विषयगत बर्गिकरण मिल्ने फरक फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ ।

(३) दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त व्यक्तिले सहकारी संस्थाको एकीकरण वा विभाजनको सिलसिलामा सम्बन्धीत जिल्ला विषयगत सहकारी सङ्घ वा जिल्ला सहकारी संघको राय लिन सक्नेछ ।

(४) विभाजनका अन्य शर्त, अधार र प्रक्रिया स्वीकृत कार्यविधी वा कार्यालयले तोके बमोजिम हुनेछ ।

४२. **<u>पूर्व सहमति लिनुपर्नेः</u>** नियम ४० र नियम ४१ मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, यस नगरपालिका, निकाय, बैङ्क, बितीय संस्था वा दातृ—निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो सस्थाले सम्बन्धीत निकायको पूर्व सहमति लिनु पर्नेछ ।

## परिच्छेद —९

## <u>लिक्विडेशन सम्बन्धी व्यवस्था</u>

४३. **<u>लिक्किडेटरको नियुक्तिः</u>** (१) ऐनको दफा ६७ को उपदफा (२) बमेजिम पचासलाख रुपैयासम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले आफु मातहतको कर्मचारीलाई लिक्विडेटर नियुक्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटरलाई रजिष्ट्रारले लिक्विडेशन सम्वन्धी कार्यमा आवश्यक निर्देशन दिन सक्नेछ ।

४४. **<u>लिक्विडेटरको काम, कर्तव्य र अधिकारः</u>** (१) ऐनको दफा ६६ बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो सहकारी संस्थाका हालवाला र साविकबाला सदस्यहरु वा मृत सदस्यहरुको जायजेथाबाट बाँकी रकम नियम ३३ र नियम ३५ बमोजिम असुलउपर गर्ने,

(ख) विघटन भएका सहकारी संस्था सँग कुनै साहुको कुनै रकम बाँकी रहेछ र सो संस्थाको हिसावकितावमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी भएको प्रमाणित नभए सम्म त्यति रकम वितरण नगरियोस भनि दावी गर्न आउनु भनी सूचना जारी गर्ने,

(ग) साहुहरु मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यस्को निर्णय गर्ने,

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको विरुद्धमा गरिएको दाबीको सम्बन्धमा दुवै पक्षबीच मिलापत्र गराउने,

(च) बिघटनका लागि आवश्यक देखेमा सदस्यहरुको बैठक बोलाउने,

(छ) सहकारी संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) सहकारी संस्थाको सम्पत्ति बेचविखन गर्ने,

(झ) सरोकारबालासँग समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरु र संस्थाको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

४५. **लिक्विडेटर नियन्त्रण गर्ने दर्ता गर्ने अधिकारीको अधिकारः** नियम ४३ बमोजिम अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई दर्ता गर्ने अधिकारीले दोहोऱ्याई हेरी देहायबमोजिम गर्न सक्नेछ ।

(क) निर्देशन विपरित लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्ने, बदल्न वा आवश्यक्ता अनुसार अर्को आदेश जारी गर्ने,

(ख) संस्थाको खातावही कागजात, लिखत र जायजेथाहरु पेस गराउन,

(ग) नियम ४४ बमोजिमको लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद-बन्देज तोकिदिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाव कितावको प्रतिवेदन लिन,

(ङ) नियम ४४ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र सो नियमको खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

४६. **दायित्व भुक्तानीः** (१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार देहायको कार्यका लागि खर्च गर्न सकिनेछः—

(क) विघटनको कामको निमित्त भएका खर्चहरु फछ्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी दिनुपर्ने रकमहरु दिन,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरु दिन,

(च) शेयर पूँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा लाभांश वितरण गर्न ।

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिना भित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफुले पाउनुपर्ने रकमको लागि दाबी गरिसक्नुपर्नेछ र सो म्याद नाघेपछि परेको दाबी उपर कुनै कारवाही हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको दावी गर्नका लागि संस्था विघटन भएको बिषय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ ।

४७. **लिक्विडेसन पछिको सम्पत्तिको उपयोगः** (१) ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्विडेशन पश्चात नियम ४६ बमोजिम सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति दर्ता गर्ने अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकताक्रम अनुशासर हस्तान्तरण गर्न सकिनेछ ।

(क) विघटित सहकारी संस्थाको कार्यक्षेत्रमा सेवा पुऱ्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै सहकारी संस्था,

(ख) विघटित सहकारी संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो सङ्घ ।

## परिच्छेदः १०

## नियमन तथा अनुगमन

४८. **नेपाल राष्ट्र बैङ्कले निरिक्षण तथा हिसाबकिताब जाँच गर्न सक्नेः** (१) रु.पचास करोड रुपैंया भन्दा बढीको बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाको निरिक्षण वा हिसाव किताब जाँच गर्न, गराउन सक्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले उपनियम (१) बमोजिम नेपाल राष्ट्र बैङ्कबाट भएको निरिक्षण वा हिसाब जाँच प्रतिवेदनका सिफारिसहरुको कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।

४९. **निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः** (१) बचत तथा ऋणको मुख्य कारोवार गर्ने देहायका सहकारी संस्थाको हकमा देहाय बमोजिम मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, सहकारी विभाग, प्रदेश सरकार र स्थानीय तहको संयुक्त टोली बनाई सघन अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

(क) स्थानीय तहको नियमन क्षेत्राधिकार भित्रका पाँच करोड रुपैया भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह, प्रदेश सरकारको सहकारी नियामक निकाय र जिल्ला सहकारी संघको तर्फबाट,

(ख) स्थानीय तहको नियमन क्षेत्राधिकार भित्रका पच्चीस करोड रुपैया भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह, विभाग र जिल्ला सहकारी संघको तर्फबाट,

(ग) स्थानिय तहको नियमन क्षेत्राधिकार भित्रका पचास करोड रुपैया भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह, विभाग नेपाल राष्ट्र बैङ्क र जिल्ला सहकारी संघको तर्फबाट । तर, पचास करोड रुपैया भन्दा बढी कारोबार भएका जुनसुकै सहकारी संस्थाको विभागबाट सघन अनुगमन गर्न बाधा पर्ने छैन ।

(२) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले पाँच करोड रुपैयाँ वा सो भन्दा बढी रकमको वचत दायित्व भए यो नियमावली प्रारम्भ भएको मितिले ६ महिना भित्र र सो भन्दा घटी रकमको वचत दायित्व भए एक वर्ष भित्र मन्त्रालयले स्वीकृत गरेको एकिकृत व्यवस्थापन सूचना प्रणाली (Copomis) मा आवद्ध भइसक्नु पर्नेछ ।

(३) सहकारी संस्थाहरुले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्र लगायतमा विभागले तोकेका मानकहरुको पालना गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको सूचना प्रणाली (Copomis) समेतका आधारमा कार्यलयले उपनियम (३) बमोजिम तोकिएका मानकहरुको पालनाको अवस्थाको नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिन सक्नेछ ।

(५) यस नियम बमोजिम हुने निरिक्षण तथा अनुगमन सम्वन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत कार्यविधी बमोजिम हुनेछ ।

५०. **बार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरणः** (१) ऐनको दफा ७५ को उपदफा (२) मा उल्लिखित विवरणको अतिरिक्त दर्ता गर्ने अधिकारीले पेश गर्ने बार्षिक निरिक्षण प्रतिवेदनमा समाबेश हुनुपर्ने अन्य विषयहरु कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ११

## विविध

५१. **दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकारः** (१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) प्रस्तावित संस्थाका आवेदकहरु सदस्य बन्न प्रचलित कानुन बमोजम योग्य भए नभएको सम्बन्धमा अनुसूची १६ अनुसारको विवरण खोली १५ दिने सार्वजनिक सूचना गर्ने,

(ग) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्यसञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(घ) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारण सम्वन्धी कार्य गर्ने,

(ङ) नियमित रुपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरुको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने,

(च) सहकारी संस्थाको लेखापरिक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरिक्षण गराउने,

(छ) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसङ्ख्यक जनजाति समेतका सीमान्तकृत समुहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवद्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

(ज) सहकारी व्यवसाय, कृषि उपजको मुल्य श्रृंखला विकास एवं तत्सम्वन्धि अन्तर सहकारी कारोवारका आयोजनाहरुलाई सहयोग पुऱ्याउने,

(झ) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरुको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरुको समन्वय गर्ने,

(ञ) सहकारी संस्थाहरुको विकास, सहकारी सिद्धान्त, मूल्य मन्यताहरुको प्रचलन तथा सहकारी संस्थामा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ट) ऐन र यस नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरुलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिवाना तथा अन्य कारवाही गर्ने,

(ठ) आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सहकारी संस्थाको वार्षिक निरिक्षण प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने,

(ड) मन्त्रालयको मापदण्ड बमोजिम सहकारी संस्थाहरुलाई सेवा केन्द्र, सङ्कलन केन्द्र तथा विक्री केन्द्र सञ्चालनको स्वीकृति दिने,

(ढ) ऐन, यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधी तथा कार्यपालिकाबाट प्राप्त निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) दर्ता गर्ने अधिकारीले यस नियम बमोजिम आफुलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार आवश्यकता अनुसार आफु मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कार्यालयले नयाँ सहकारी संस्था दर्ता गरेको र दर्ता खारेज गरेको जानकारी सम्बन्धित बिषयगत संघ तथा जिल्ला सहकारी संघलाई जानकारी दिनु पर्नेछ ।

(४) लगातार २ (दुई) बर्ष देखि लेखापरीक्षण नगराउने बार्षिक साधारणसभा नगर्ने र कार्यालयमा समेत नियमित रुपमा आवधिक बिवरणहरु नबुझाउने सहकारी संस्थाहरुको बिवरण सार्वजनिक गर्ने व्यवस्था कार्यालयले मिलाउनेछ ।

(५) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधरणसभा नगर्ने, सहकारी मूल्य मान्यता, सिद्धान्त, प्रचलित ऐन नियम र बिभागले जारी गरेका निर्देशन एवम् मापदण्ड तथा विनियमको परिपालना नगरेसम्म त्यस्ता संस्थाहरुलाई इनरुवा नगरपालिकाबाट उपलब्ध गराईने कुनै पनि सेवा सुबिधाहरु उपलब्ध गराईने छैन ।

(६) दुई बर्ष भन्दा बढी अवधिसम्म लेखापरीक्षण नगराउने र बार्षिक साधारण सभा नगर्ने संस्थाहरुलाई निष्कृय संस्थाहरुको सूचिमा समावेस गरिनेछ । यस्तो सूचिमा परेका संस्थाहरुको सम्पत्ति दायित्व केही नरहेको पाईएमा प्रकृया पुऱ्याई दर्ता खारेज गरिनेछ । सम्पत्ति दायित्व बाँकी रहेका देखिएमा विघटनको प्रकृयामा लगिनेछ ।

५२. **<u>नगर सहकारी विकाश बोर्डको काम कर्तव्य र अधिकारः</u>** नगर सहकारी ऐनको दफा ६९ बमोजिम गठन भएको नगर सहकारी विकाश बोर्डको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) नगर सहकारी विकास बोर्डको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछन् ।

(२) बैठक बोलाउदा मिति, स्थान, समय र छलफलका विषय समेत उल्लेख गरी कम्तिमा २४ घन्टा अगावै सदस्यहरुलाई सूचना दिनुपर्ने छ ।

(३) बैठकमा सकेसम्म सर्वसम्मत निर्णयको प्रयास गरिने छ । सर्वसम्मत हुन नसकेमा बहुमत सदस्यको निर्णय नै बोर्डको निर्णय मानिनेछ ।

(४) अध्यक्षको अनुपस्थितिमा उमेरको हिसावले जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

(५) बोर्ड बैठकको लागि अलगै निर्णय किताब राखिने छ ।

(६) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नु पर्नेछ । बहुमत अल्पमतको अवस्थामा अल्पमतको समेत अभिलेख राख्नु पर्नेछ ।

(७) बोर्डको बैठक आवश्यकता अनुसार बस्ने छ तर दुइ बैठकको अन्तर छ महिना भन्दा बढि हुनेछैन ।

५४. **<u>व्यवस्थापन समितिको गठनः</u>** (१) ऐनको दफा ७९ बमोजिम कार्यपालिकाले कुनै सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरिएकोमा त्यस्तो समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न कार्यपालिकाले एक व्यवस्थापन समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको व्यवस्थापन समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन ।

(क) नगर कार्यपालिकाबाट गठित आर्थिक विकास समितिको संयोजक — अध्यक्ष

(ख) रजिष्टर्ड लेखापरिक्षक मध्ये प्रमुखको सिफारिसमा कार्यपालिकाले तोकेको एक जना — सदस्य

(ग) कार्यपालिकाका सदस्य मध्येबाट कार्यपालिकाले तोकेको एक जना - सदस्य

(घ) नगरपालिकाको कानूनी सल्लाहाकार एक जना - सदस्य

(ङ) सदस्य सचिवः सहकारी शाखा प्रमुख वा तोकिएका कर्मचारी

**५५.** **<u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) नियम ५२ बमोजिम गठन भएको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) समस्याग्रस्त संस्थाको साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले ऐन र यस नियमावली बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(ख) समस्याग्रस्त संस्थाको समितिका सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्थासँग सम्बन्धीत अन्य संस्था वा कम्पनीका कर्मचारी, सम्वद्ध तथ्यको जानकारी भएका वा मिलोमतोबाट कारोवार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने,

(ग) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्वको यकिन विवरण र तथ्यांक सङ्कलन तथा अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्यांकन गर्ने,

(घ) समस्याग्रस्त संस्थाको सम्पत्ति

(ङ) समस्याग्रस्त संस्थाको काम कारवाही सम्वन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

(च) समस्याग्रस्त संस्थाले असुल गर्नुपर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम ऐन, नगर सहकारी ऐन ,नगर सहकारी ऐन अन्तर्गत बनेको नियमावली र विनियम बमोजिमको प्रक्रिया अबलम्वन गरी असुल गर्ने गराउने,

(छ) समस्याग्रस्त संस्थामा धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार ऐन, नगर सहकारी ऐन, नगर सहकारी ऐन अन्तर्गत बनेको नियमावली र विनियम बमोजिम लिलाम विक्रि गर्ने गराउने,

(ज) समस्याग्रस्त संस्थाको सम्पत्ति विक्रि गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने गराउने,

(झ) समस्याग्रस्त संस्थाका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्वन्धी अभिलेख तयार गर्ने गराउने,

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानि दिने दिलाउने,

(ट) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि ऐन, नगर सहकारी ऐन, नगर सहकारी ऐन अन्तर्गत बनेको नियमावली र विनियम बमोजिम लिक्विडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने,

(ठ) समस्याग्रस्त संस्थाको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पूरै वा आशिंक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सो बाट बढे बढाएको सम्पत्ति नियन्त्रणमा लिने र सो सम्पत्ति मध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्रि वा असुल उपर सम्बन्धी आवश्यक कारबाही गर्ने गराउने,

(ड) समस्याग्रस्त संस्थाको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने,

(ढ) समस्याग्रस्त संस्थाको सञ्चालक र कर्मचारी वा निजहरुका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्थाको चल अचल सम्पत्ति वा संस्थाको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति नियन्त्रणमा लिई त्यस्तो सम्पत्ति लिलाम विक्रि समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने ।

**५६. <u>मुद्दाको प्रतिरक्षा सम्बन्धी व्यवस्थाः</u>** ऐनको दफा ७८ बमोजिम समस्याग्रस्त संस्थाको सम्बन्धमा व्यवस्थापन समितिले गरेको निर्णय वा काम कारबाहीको विषयमा कुनै अदालत वा अर्धन्यायिक निकायमा मुद्दा वा विवाद परेमा सो को प्रतिरक्षा यस नगरपालिकाको कानुनी सल्लाहकारले गर्ने छन् ।

**५७. <u>कसुर गरेको मानिनेः</u>** (१) ऐनको दफा ८० (ग) को प्रयोजनका लागि एक लाख भन्दा बढी रकम वरावरको ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा ऐन बमोजिम कसुर गरेको मानिने छ ।

**५८. <u>अन्तर सहकारी कारोवारः</u>** (१) अन्तर सहकारी कारोवार गर्दा संलग्न संस्थाहरुको विनियममा निर्धारित सदस्यहरुको आवश्यकताको आधार लिएको हुनु पर्नेछ ।

(२) सङ्घले सदस्य स्तरका स्थानीय उत्पादनको मूल्य श्रृङ्खला विकाससँग सम्बन्धीत अन्तर सहकारी कारोबारलाई बढावा दिने गरी संयोजन गर्न सक्नेछ ।

(३) अन्तर सहकारी कारोवारमा संलग्न विभिन्न संस्थाहरुले आफ्ना सदस्यहरुबाट उत्पादित उपज अग्रणी संस्था (लिड—कोअपरेटिभ) को अवधारणाबाट कुनै एक संस्था मार्फत सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(४) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतिय प्रणालि मार्फत् आफ्ना सदस्यले नेपालभर कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

(५) बचत तथा ऋण सम्वन्धी अन्तर सहकारी कारोवारको हकमा सम्वद्ध सहकारी संस्थाहरुले मन्त्रालयले सम्बन्धीत विषयगत सङ्घ वा सहकारी बैङ्कको भूमिका समेत निदृष्ट गरी तोकेको

मापदण्ड पालना गर्नुपर्नेछ। अन्तर सहकारी कारोबार सम्वन्धी अन्य व्यवस्था मन्त्रालयले स्वीकृत गरेको कार्यविधी बमोजिम हुनेछ ।

**५९. प्रोत्साहन गर्ने व्यवस्थाः** (१) कार्यालयले वार्षिक कार्यक्रममा व्यवस्था गरी सहकारी क्षेत्रमा पुर्याएको योगदानको मूल्याङ्गनका आधारमा व्यक्ति तथा सहकारी संस्थालाई कदर पत्र, नगद पुरस्कार वा दुवै गरी सम्मान वा पुरस्कृत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्मान सम्मान वा पुरस्कृत गर्दा व्यक्ति वा सहकारी संस्थाका लागि छुट्टाछुट्टै आधारहरु तयार गरि स्वीकृत गर्नुपर्नेछ ।

**६०. जानकारी दिनुपर्नेः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै  कुरा लेखिएको भएता पनि संघ वा प्रदेशको नियमन क्षेत्राधिकार अन्तर्गत रहेको सहकारी संस्था वा संघले इनरुवा नगरपालिका भित्र कार्यालय, सेवाकेन्द्र वा अन्य माध्यमबाट सेवा सञ्चालन गर्दा कार्यालयमा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

**६१. प्रतिवेदन वुझाउनु पर्नेः** (१) संस्थाले देहाय बमोजिमका प्रतिवेदनहरु मन्त्रालयबाट स्वीकृत व्यवस्थापन सूचना प्रणाली मार्फत नियमित रुपमा शाखामा वुझाउनु पर्नेछः

(क) मासिक वित्तिय विवरण

(ख) समष्टिगत विवरण

(ग) साधारण सभाको जानकारी

(घ) साधरण सभाको विवरण

(ङ) निर्वाचन विवरण

(च) बैठक विवरण

(छ) सम्पति सुद्धिकरण निवारण सम्बन्धी विवरण

(२) उपनियम (१) का अतिरिक्त संस्थाले देहाय बमोजिमका विवरण समेत नियमित रुपमा कार्यालयमा पेश गर्नुपर्नेछः

(क) अनुसूची १२ को ढाँचामा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुका शेयर, वचत र ऋणको विवरण (चौमासिक विवरण)

(ख) अनुसूची १३ को ढाँचामा बार्षिक प्रतिवेदन

(ग) अनुसूची १४ को ढाँचामा लेखापरिक्षक नियुक्तिको जानकारी

(घ) अनुसूची १५ को ढाँचामा नवनिर्वाचित सञ्चालक /लेखासुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरुको व्यक्तिगत विवरण ।

**६२. जरिवाना हुन सक्नेः** (१) नगर क्षेत्राधिकार भित्र सञ्चालित सहकारी संस्थाहरुले नियमित रुपमा बुझाउनु पर्ने प्रतिवेदनहरु नबुझाएमा तपसिल बमोजिमको जरिवाना असुल उपर गरिने छ ।

(क) नियमित मासिक प्रतिवेदन महिना भूक्तान भएको १५ दिन भित्र नवुझाएमा मासिक रुपमा रु.५,००।० (पाँच सय)

(ख) सञ्चालक समिति, लेखा समितिका पदाधिकारीहरुका शेयर, वचत र ऋणको विवरण चौमासिक रुपमा चौमासिक भूक्तान भएको १५ दिन भित्र नवुझाएमा रु.५००।०(पाँच सय) ।

(ग) बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र नवुझाएमा रु.१०००।० (एकहजार मात्र) ।

(घ) लेखापरिक्षक नियुक्ति सम्बन्धी जानकारी (सहकारी संस्थाको लेखापरिक्षण निर्देशिका) बमोजिम नबुझाएमा रु.१०००।० ( एक हजार ) ।

(ङ) साधारण सभाको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सभा सम्पन्न भएको मितिले १५ दिन भित्र नबुझाएमा रु.१,०००।० ( एक हजार मात्र) ।

(च) नव निर्वाचित पदाधिकारीहरुको फोटो सहितको तिनपुस्ते विवरण निर्वाचन सम्पन्न भएको मितिले १५ दिन भित्र नबुझाएमा रु.१०००।० ( एक हजार) ।

६३. **सेवा सुविधाबाट वन्चित गरिनेः** (१) संस्थाका ऋणी सदस्यहरुले तोकिएको शर्त बमोजिम ऋण चुक्ता नगरेमा सम्बन्धीत सहकारी संस्थाको अनुरोधमा त्यस्ता सदस्यहरुलाई नगरपालिकाबाट उपलव्ध हुने पञ्जीकरण बाहेक अन्य सेवा, सुविधाहरुबाट वन्चित गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमका सेवा सुविधाहरु सम्बन्धमा कार्यपालिकाबाट स्वीकृत मापदण्डमा तोकिए बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिमका सदस्यले ऋण चुक्ता गरेको प्रमाण पेश गरेमा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरु स्वतः सुचारु हुनेछन ।

६४. **संस्था दर्ताको प्रमाण पत्र दिनुपर्नेः** ऐनको दफा ६ बमोजिम दर्ता भएको संस्थालाई दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारी बाट अधिकार प्राप्त अधिकारीले अनुसूची ९ को ढाँचामा संस्था दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

६५. **आचार संहिता सम्बन्धि व्यवस्थाः** संस्थाहरुले सहकारी मूल्य मान्यता र सिद्धान्त एवम् प्रचलित सहकारी ऐन तथा नियमावली मापदण्ड तथा विनियममा आधारित भै संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति र सदस्यहरुले पालनागर्नु पर्नेछ आचार संहिता तयार गरि कार्यान्वयन गर्नुपर्नेछ ।

६६. **सहकारी संस्थाको कार्यालय सम्बन्धि ब्यवस्थाः** (१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्र स्थापना गर्नु पर्नेछ ।

(२) कार्यालयको स्थापना संस्थाका बढी शेयर सदस्यहरु बसोबास गरेको क्षेत्रमा गर्नु पर्दछ ।

(३) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाईने छैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिका संस्थाहरुको कर्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त स्थानमा सार्न कार्यालयले निर्देशन दिन सक्नेछ ।

(४) संस्थाको कार्यालय स्थापना गरेको ७ दिन भित्र कार्यालय लाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(५) संस्थाको कार्यालय सार्नु पर्दा कार्यालयको अग्रीम स्वीकृति लिएर मात्र सार्न सकिनेछ । संस्थाले आफ्नो कार्यालय सारेका खण्डमा सरोकारवाला पक्षहरुलाई उपयुक्त संचार माध्यमबाट सार्वजनिक रुपमा जानकारी गराउनु पर्दछ ।

६७. **<u>उद्देश्य बिपरित कार्य गरेको मानिने:</u>** बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएका बचत तथा ऋण सहकारी संस्था बाहेक अन्य प्रकृतिका कुनै पनि सस्थाले ऐनको दफा ३९ बमोजिम मुख्य कारोबार बचत तथा ऋण नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएका कार्यहरु नगरी बचत तथा ऋणको  मात्र कारोबार गरेको खण्डमा उद्देश्य बिपरित कार्य गरेको मानिनेछ ।

६८. **<u>साईनबोर्ड राख्ने सम्बन्धि ब्यवस्थाः</u>** (१) प्रत्येक सहकारी संस्थाहरुले दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र नियमन गर्ने निकायको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईनबोर्ड लेखाई सबैले देख्ने ठाउमा राखु पर्दछ ।

(२) सहकारी संस्थाहरुको साईनबोर्डमा एकरुपता ल्याउनका लागि साईनबोर्डको रंग हरियोमा सेतो अक्षरले लेखिएको हुनु पर्नेछ ।

६९. **<u>एभबचकि अनुगमन बिधि अनुसार खाता अभिलेख राखु पर्ने:</u>** बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरुको अनुगमन गर्दा **Pearls (Protection, Effective Financial Structures, Assets Rates of Return and cost, Liquidity, Sign of Growth)** को अनुगमन बिधि अवलम्वन गरिनेछ । बार्षिक रु.१ करोड भन्दा बढीको रकमको बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरुले बित्तिय कारोबारको लेखा एभबचकि अनुगमन बिधि सँग तालमेल हुने गरी राख्ने ब्यवस्था मिलाउनु पर्नेछ । यस कार्यका लागि लेखा राख्ने कर्मचारीहरुलाई अनिवार्य रुपमा यस बिधिको अभ्यास गर्ने गराउने वा आवश्यक तालिम दिने ब्यवस्था संस्थाले  मिलाउनु पर्नेछ ।

६९. **<u>लेखा सुपरीवेक्षण समितिले बार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:</u>** प्रत्येक सहकारी संस्थाको लेखा सुपरीवेक्षण समितिले प्रत्येक बार्षिक साधारणसभामा तोकिएको ढाँचामा बार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

७०. **<u>अन्यत्र दर्ता भई सेवाकेन्द्र/कार्यालय सञ्चालन गरी आएका संस्थाको सम्बन्धमाः</u>**

(१) सम्बन्धित संस्थाको कार्यालयले बदनियतपूर्वक तोकिए अनुसारको सेवा नदिएको, आर्थिक हिनामिना र अपचलनको पर्याप्त आधार रहेको, आफ्नो बचत फिर्ता नहुने अवस्था रहेको जस्ता कारण भए सो कारण सहित इनरुवा नगरक्षेत्रमा स्थायी बसोबास गर्ने सो संस्थामा आवद्ध कम्तिमा २५ जना सदस्यले लिखित उजुरी दिएमा वा सञ्चार माध्यम मार्फत सो संस्थाबारे शंकास्पद जानकारीहरु प्राप्त भएमा इनरुवा नगरपालिकाले प्रारम्भिक छानविन गरी नियमन क्षेत्राधिकार रहेको तहमा उक्त छानविन प्रतिवेदन पठाई सजगताको लागि सो कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ । साथै विषयको गम्भिर्यता हेरी नियमन क्षेत्राधिकार रहेको निकाय संग आवश्यक समन्वय गरी आफ्ना नगरवासीको हित रक्षा गर्नेछ ।

(२) नगरक्षेत्रमा कार्यालय रहेका वा सेवा केन्द्र रहेका सहकारी संस्थाहरुको ऋण असुली लगायत बाकी बक्यौतामा नगरपालिकाले आवश्यक निर्देशन र सहयोग गर्न सक्ने छ ।

७२. **<u>कर्मचारी सम्बन्धि व्यवस्थाः</u>** (१) कर्मचारी भर्ना गर्नुपर्ने संस्थाले संस्थाको कारोबार तथा सदस्य संख्याको आधारमा साधारणसभाको स्वीकृतिमा कर्मचारी दरवन्दि पद, संख्या र संगठनको ढाँचा निर्धारण गर्नु पर्नेछ ।

(२) कर्मचारी प्रशासन सम्बन्धि नियमावली साधारणसभाबाट पारीत गराएर मात्र लागु गर्नु पर्नेछ ।

(३) कर्मचारी प्रशासन सम्बन्धि नियमावली अनुसार मात्र भर्ना, नियुक्ति, बढुवा, दण्ड, सजाय र पुरस्कार लगायतका सुविधाहरु र अवकास आदी सम्बन्धि काम गर्नु पर्नेछ । कर्मचारी प्रशासन सम्बन्धि नियमावलीको ब्यवस्था नगरी वा नियमावली बिपरित गरिएको कर्मचारी प्रशासन सम्बन्धि कार्यलाई कार्यालय/बिभागले खारेज गर्न सक्नेछ ।

(४) संस्थामा आवश्यक पर्ने कर्मचारीहरु स्थायी वा करारमा नियुक्ति गर्दा कर्मचारी प्रशासन सम्बन्धि नियमावलीमा ब्यवस्था भएको प्रकृया पुऱ्याएर मात्र गर्नु पर्नेछ ।

(५) संस्थाहरुले आवश्यक संख्यामा मात्र कर्मचारी नियुक्ति गर्नु पर्नेछ । प्रचलित कानुन बमोजिम नियुक्ति पत्र नदिई कुनै कर्मचारीलाई काममा लगाउन पाईने छैन ।

७३. **<u>सहकारी संस्थाहरुले गर्न नहुने कामहरुः</u>** कुनै पनि सहकारी संस्थाले सहकारी ऐन तथा नियमावलीले बन्देज गरेका कामका अतिरिक्त देहायका कामहरु गर्नु गराउनु हुदैन ।

(क) वासलात बाहिरको कामहरु जस्तै प्रतितपत्र, ओभरड्राफ्ट कर्जा, सुनचाँदी र शेयर प्रमाणपत्रको धितोमा कर्जा लगानी, जमानत आदी ।

(ख) ब्यापारीक उद्देश्यले घर जग्गाको खरिद बिक्रि तथा संचालकहरुको लगानीमा खोलिएका निजी उद्योग ब्यवसायमा लगानी ।

(ग) संस्थाको ऋण नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम बाहेक बिना सुरक्षणमा कर्जा लगानी ।

(घ) ३ बर्ष भन्दा बढी अवधिको आवधिक बचत स्वीकार गर्ने कार्य ।

(ङ) बिदेशी मुद्रा सटहीको कारोबार ।

७४. **सम्पत्ति अन्य ब्यक्ति वा निकायको नाममा राख्न नहुनेः** संस्थाको रकम लगानी गरी खरिद गरेको कुनै पनि सम्पत्ति संस्थाकै नाममा राख्नु पर्नेछ । संस्थाको रकमबाट खरिद गरेका सम्पत्ति कुनै ब्यक्ति वा निकायको नाममा राखेको पाईएमा सो सम्पत्ति सम्बन्धित संस्थाको नाममा ल्याई सम्बन्धीत कार्यमा संलग्न पदाधिकारी र निर्णयमा सहभागि पदाधिकारीहरुलाई कानुन बमोजिमको कारबाही हुनेछ ।

७५. **सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमको कार्यान्वयनः** बित्तिय कारोबार गर्ने सहकारी संस्थाहरुले सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमको निम्नानुसार कार्यान्वयन गर्नु पर्नेछ ।

(क) बित्तिय कारोबार गर्ने सहकारी संस्थाहरुले प्रचलित सम्पत्ति शुद्धिकरण (Money Loundring) निवारण ऐन र नियमावलीमा भएका ब्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्दछ ।

(ख) बित्तिय कारोबार गर्ने सहकारी संस्थाहरुले आफ्ना प्रत्येक सदस्यहरुको सदस्य पहिचान सम्बन्धि पूर्ण अभिलेख अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(ग) वित्तिय जानकारी इकाइमा पठाउनु पर्ने बिवरण नियमित र निरन्तर रुपमा पठाउने ब्यवस्थाका लागि प्रत्येक वित्तिय कारोबार गर्ने सहकारी संस्थाहरुले संचालक समितिको निणर्य अनुसार कार्यांन्वयन अधिकृत तोक्नु पर्नेछ ।

(घ) सम्पत्ति शुद्धिकरण सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेका बिवरणहरु उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संस्थाहरुको कर्तब्य हुनेछ ।

७६. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** कार्यपालिकाले आवश्यक देखेमा स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

७७. **कार्यविधी वा निर्देशिका बनाई लागु गर्न सक्नेः** यस नियमावलीको अधिनमा रही रजिष्टारले आवश्यक कार्यविधी वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

७८. **सङ्घीय नियमावली बमोजिम हुनेः** यस नियमावलीमा उल्लेख भएका कुनै विषय सहकारी नियमावली २०७५ सँग बाझिन गए वा कुनै विषय उल्लेख गर्न छुटको भए नेपाल सरकारको सहकारी बिभागबाट जारी भएको सहकारी नियमावली २०७५ अनुसार हुनेछ ।

७९. **बचाउः** यो नियमावली जारी गर्नु भन्दा पहिले भए गरेका सबै काम कारबाहीहरु निम्न बमोजिम हुनेछन् ।

(क) यस अघि सहकारी संस्थाहरु संचालनका लागि सहकारी विभाग, डिभिजन कार्यालय लगायतका निकायहरुबाट जारी भएका निर्देशन अनुसार भए गरेका सबै काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(ख) सहकारी संस्थाका संचालक समितिले यस नियमावलीमा गरिएका ब्यवस्थाहरुको पालनाका लागि नियमावली जारी भए पछि साधारणसभामा विनियम संसोधनका लागि प्रस्ताव पेश गरी पारीत गराई

कार्यान्वयन गराउनु पर्नेछ । साधारणसभाबाट विनियम संसोधन परिमार्जन नगरेका अवस्थामा विनियममा गरिएका ब्यवस्थाहरु यस नियमावलीसँग बाझिएमा नियमावलीका आधारमा विवादको निराकरण गरिनेछ ।

(ग) यो नियमावली जारी गर्नु भन्दा अघि यस कार्यालयबाट भएका काम कारबाहीका सम्बन्धमा यस नियमावली बमोजिम गर्नु पर्ने भनी नियमावलीमा तोकिएका बिषयहरु यसै नियमावली बमोजिम हुनेछन् ।

## अनुसूची —१

**(नियम ४ को उपनियम (१)सँग सम्बन्धीत)**

**दर्ता दरखास्तको ढाँचा**

मितिः—

श्री ..................................................

.....................कार्यालय

.....................

**विषयः सहकारी संस्थाको दर्ता सम्बन्धमा ।**

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौ । उदेश्य अनुरुप संस्थाले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको विनियम दुइ प्रति यसै साथ संलग्न राखी पेस गरेका छौ ।

संस्था सम्बन्धी विवरण

क) प्रस्तावित संस्थाको नामः—

ख) ठेगानाः—

ग) उद्देश्यः—

घ) मुख्य कार्यः—

ङ) कार्यक्षेत्रः—

च) दायित्वः—

छ) सदस्य संख्याः—

(१) महिलाः—

(२) पूरुषः—

ज) प्राप्त शेयरः—

झ) प्राप्त प्रवेश शुल्कः—

**आवेदकको तर्फवाटः—**

नामः—

हस्ताक्षरः—

पदः— तदर्थ सञ्चालक समिति अध्यक्ष

.................................................. सहकारी संस्था लि.

## अनुसूची –२

**( नियम ४ को उपनियम (२) को खण्ड (ख) सँग सम्बन्धीत )**

**संभाव्यता अध्ययन प्रतिवेदनको ढाँचा**

१. परिचय

२. संस्था गठन गर्नुपर्नाका कारण

३. सदस्यताको जनसाङ्खिक आधार

४. सहभागिताको औचित्य

५. व्यवसायिक सम्भाव्यताः

५.१. सदस्य केन्द्रियताका आधारमा व्यवसायिक कारोवारको अनुमान

५.२. सदस्यहरुको संरक्षण सुनिश्चित गर्ने आधारहरु

५.३. कारोवारबाट हुने बचतको प्रक्षेपण

६. पूँजी आवश्यक्ता र स्रोतः

६.१. आवश्यक्ताको अनुमान

६.२. स्रोत

६.३. पूँजी परिचालनका तर्कसम्मत आधारहरु

७. बजार विश्लेषणः

७.१. नजिकको बजार

७.२. टाढाको बजार

७.३. प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरु

८. कार्यक्षेत्र भित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको सङ्ख्या, सेवा र सदस्यताको प्रकारमा संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसक्ने कारण

१०. महिला सशक्तिकारण र सामाजिक समावेशीकरणका आयामहरु

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरु

## अनुसूची ३

**(नियम ४ को उपनियम (२) को खण्ड (ग) सँग सम्बन्धीत(**

**आवेदकको विवरण फारम**

| सि. नं. | बाजेको नाम, थर | बाबुको नाम,थर | पत्नि वा पतिको नाम थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नं. | औठा छाप | फोटो र फोटोमा पर्नेगरी सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची—४

(नियम ४ को उपनियम (२) को खण्ड (घ) सँग सम्बन्धीत)

व्यवसायिक काययोजनाको ढाँचा

संस्थाको नामः—

ठेगानाः—

क. उद्देश्यः—

१....................................................

२....................................................

३.....................................................

ख. कार्यहरुः—

१.......................................................

२......................................................

३......................................................

४....................................................

५......................................................

ग. आगामी तीन वर्षपछिको अवस्था प्रक्षेपणः

१. सदस्यता विस्तार लक्ष्यः

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य | | | | |
| - महिला | | | | |
| - पुरुष | | | | |
| जम्मा सदस्यमा दलित | | | | |

२.व्यवसायिक सेवा विस्तार लक्ष्यः

| विवरण | पहिला वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य सङ्ख्या | | | | |

| | | | | |
|---|---|---|---|---|
| परिमाण (..........) | | | | |
| रकम रु | | | | |
| लाभान्वित हुने सदस्य ( जना) | | | | |
| सदस्यलाई वस्तु वा सेवा विक्रिी | | | | |
| परिमाण | | | | |
| रकम रु | | | | |
| लाभान्वित हुने सदस्य ( जना) | | | | |
| सदस्यलाई रोजगारीको अवसर सृजना | | | | |
| प्रत्यक्ष पूर्णकालिन ( जना) | | | | |
| अप्रत्यक्ष पूर्णकालिन | | | | |
| ९वर्षमा २०८० घण्टाको १ जनाको हिसावमा जम्मा जना) | | | | |
| सदस्य लाई ऋण सेवा | | | | |
| रकम रु | | | | |
| सख्या ( जना) | | | | |

| | | | | |
|---|---|---|---|---|
| सदस्य लाई बचत सेवा | | | | |
| रकम रु | | | | |

३. सहकारी गतिविधी विस्तार लक्ष्यः

| विवरण | पहिला वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य शिक्षा | | | | |
| ९वार्षिक जना) | | | | |
| गाउँरटोलरउपक्षेत्रीय सदस्य बैठकहरु आयोजना (वार्षिक पटक) | | | | |

४. पूँजीको स्रोतको र उपयोगः—

| विवरण | पहिला वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकता | | | | |
| स्थीर पूँजीतर्फ स्थिर ( घर, जग्गा, कारखाना, उपकार, फर्निचर आदि | | | | |
| चालु पुँजी तर्फ ( मौज्दात माल समान, उधारो विक्रि, नगद मौज्दात | | | | |
| ऋण लगानीतर्फ | | | | |
| जम्मा | | | | |
| स्रोत | | | | |

| | | | | |
|---|---|---|---|---|
| -शेयर पूँजी | | | | |
| -जगेडा कोष | | | | |
| -अन्य (...........) | | | | |
| -सदस्यको वचत | | | | |
| ९सदस्यलाई ऋण दिन मात्र) | | | | |

**<u>कार्यान्वयन जिम्मेवारी बाडफाड</u>**

**<u>५. सञ्चालक समितिको जिम्मेवारी</u> -**

-

६.गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

-
-
-
-

७. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

-
-
-
-

८.व्यवस्थापन कर्मचारीको जिम्मेवारी

-
-
-

९. प्रत्येक सदस्यको जिम्मवारी

-
-

१०. कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पर्ने प्रभावका सूचकहरुः—

११.कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि ः—

अनुसूची –५

(नियम ४ को उपनियम (२) को खण्ड (ङ) सँग सम्बन्धीत)

प्रस्तावित.........................सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका.................. श्री..........................................आगे उक्त सहकारी संस्था लि.का सदस्यहरुको मितिको..................... प्रारम्भिक भेलाको मिति..............................को निर्णय बमोजिम प्रतिशेयर रु..... का दरले .................. जनाबाट जम्मा.............. कित्ताको हुन आउने जम्मा रकम रु................... (अक्षरेपी ................................................ मात्र) गरी जम्मा रु.............. (अक्षरेपी .............................मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भरपाईमा सहीछाप गरी ................कार्यालयमा पेश गरेको छु । प्राप्त रकम हाल मेरो.......................मा रहेको ................हिसाव नं. .......................मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राखेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्काले दाखिला गर्नेछु । फरक परेमा कानुनबमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

इति सम्व्त.................साल..............महिना.............गते.........रोज..........शुभम् ।

## अनुसूची ६

**(नियम ४ को उपनियम (२) को खण्ड (च) सँग सम्बन्धीत)**

| सि.नं | बाजेको नाम,थर | बाबुको नाम, थर | पति वा पत्निको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औठा छाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप | सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची—७

(नियम ४ को उपनियम (२) को खण्ड (छ) सँग सम्बन्धीत)

**स्व—घोषणा पत्रको ढाँचा**

प्रस्तावित श्री ......................................सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरुले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक, समाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायकमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व—घोषणा गर्दछौं ।

हामी आवेदकहरु कोहीपनिः—

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौ,
- बैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/सङ्घ/बैङ्कको कानून बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौ,
- यसअघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनमिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौ,
- सम्पत्ति सुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौ,
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानून बमोजिम स्वावलम्वन र पारस्पारिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मंजुर छौ ।

**अनुसूची–८**

**(नियम ४ को उपनियम (२) को खण्ड (ज) सँग सम्बन्धीत)**

मितिः–

श्री दर्ता गर्ने अधिकारी ज्यू ।

.......................

बिषयः अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तवित.....................सहकारी संस्था लि. को मिति .........................मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णय अनुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम कारबाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ........................ श्री.............................,............... श्री................................ र ................... श्री ..............................समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधीको रुपमा गरेको सम्पूर्ण कामको जिम्मेवारी लिन हामी मन्जुर गर्दछौ ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिकोः–

| नाम, थर | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|
| श्री .................................. | | | |
| श्री...................................... | | | |
| श्री....................................... | | | |

आवेदकहरुकोः–

| नाम, थर | ठेगाना | पद | सहीछाप |
|---|---|---|---|
| श्री .................................. | | | |
| श्री...................................... | | | |
| श्री....................................... | | | |
| श्री....................................... | | | |

| | | | |
|---|---|---|---|
| श्री...................................... | | | |

द्रस्टव्यः अधिकार प्रत्यायोजन—पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्ने

**अनुसूची ९**

**(नियम ६२ सँग सम्बन्धीत)**

इनरुवा नगरपालिका

नगर कार्यपालिकाको कार्यलय

इनरुवा, सुनसरी

सहकारी दर्ता प्रमाण—पत्र ।

दर्ता नं.

इनरुवा नगरपालिका सहकारी ऐन २०७५ को दफा ६ बमोजिम श्री .............................. सहकारी संस्था इनरुवा नगर पालिका वडन नं.        लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण—पत्र प्रदान गरिएको छ ।

बर्गिकरणः—

दर्ता मितिः

दस्तखतः

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छापः

**अनुसूची–१०**

**(नियम १२ सँग सम्बन्धीत)**

**विनियममा उल्लेख गर्नुपर्ने बिषयहरु**

प्रस्तावनाः

१. संक्षिप्त नाम र प्रारम्भ

२. संस्थाको नाम र ठेगाना

३. परिभाषा

४. उद्देश्य

५. कार्य

६. कार्यक्षेत्र

७. संस्थाको सदस्य

८. सदस्यताको योग्यता

९. सदस्यताका लागि निवेदन र प्राप्ति

१०. सदस्यताको अन्त्य

११. सदस्यको निष्कासन

१२. सदस्यताबाट राजीनामा

१३. पुनः सदस्यता

१४. सदस्यको काम, कर्तव्य र अधिकार

१५. सदस्यता खुला रहने

१६. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने

१७. शेयर पँुजी

१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने

१९. थप शेयर खरिद गर्न सक्ने

२०. शेयर फिर्ता वा हस्तान्तरण

२१. प्रवेश शुल्क

२२. कृत्रिम छेकबार नलाइने

२३. शेयर प्रमाणपत्र

२४. सदस्यको दायित्व सिमित हुने

२५. प्रारम्भिक साधारण सभा

२६. बार्षिक साधारण सभा

२७. विशेष साधारण सभा

२८. साधारण सभाको बैठक
२९. साधारण सभाको काम, कर्तव्य र अधिकार
३०. साधारण सभाको निर्णय अनिवार्य हुने
३१. गाउँ टोल उपक्षेत्रीय बैठक
३२. गाउँ टोल उपक्षेत्रीय बैठकका कार्यहरु
३३. गाउँ टोल उपक्षेत्रीय बैठकको कार्यव्यवस्था
३४. सञ्चालक समिति
३५. समितिको काम, कर्तव्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरिवेक्षण समिति
३८. उत्तरदायित्व शृखला
३९. अध्यक्षको काम, कर्तव्य र अधिकार
४०. व्यवस्थापकको नियुक्ति
४१. व्यवस्थापकको काम,कर्तव्य र अधिकार
४२. विशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवाका शर्तहरु
४४. संस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पूँजी फिर्ता
४९. लाभाशं वितरण नगरिने
५०. जगेडा कोषमा रकम सार्नुपर्ने
५१. बचत सङ्कलनगर्न सक्ने नसक्ने
५२. बचत सङ्कलनमा सीमा
५३. ऋण दिन सक्ने
५४. ऋण प्रवाहमा सीमा
५५. ऋण बाहेकको प्रयाजनमा बचतको रकम लगाउन नहुने
५६. साधारण सभाको स्वीकृति लिनुपर्ने
५७. सदस्य केन्द्रीयता
५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिवन्ध
५९. कर्मचारीसँगको कारोवारमा निर्बन्धन
६०. जोखिम मूल्यान्कन

६१. कारोबार नगरिने

६२. कारोबारको लेखा

६३. खाताबही

६४. आन्तरिक हिसाब जाँच

६५. बार्षिक हिसाव जाँच

६६. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मुल्यान्कन गर्नुपर्ने

६७. अन्य आधारभुत कागजात

६८. एकीकृत सूचना प्रणालीमा आवद्धता

६९. दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारी बाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन

७०. वित्तीय जानकारी एकाइमा प्रतिवेदन

७१. साधारण सभामा जानकारी गराउनुपर्ने

७२. हकवाला मनोनयन

७३. हक दाबी वा नामसारी

७४. निर्वाचन

७५. सपथ ग्रहण

७६. एकीकरण वा विभाजन

७७. मध्यस्थता

७९. समानता र समता

८०. विनियम संसोधन

८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने

८२. व्याख्या गर्ने अधिकार

८३. ऐन नियमावली सँग बाझिएकोमा अमान्य हुने ।

**अनुसूची ११**

**(नियम १३को उप नियम ५ सँग सम्बन्धित)**

विनियम संसोधन स्विकृतिको तिन महले फारमको ढाँचा

संस्थाको नामः

संस्थाको ठेगानाः

संस्था दर्ता नं	दर्ता भएको कार्यालयः

............ सहकारी संस्था लि.को विनियम .............लाई संसोधन गर्न बनेको ...................सहकारी संस्था लि.को विनियम..................

| सि.नं. | दफा (उपदफा) | भएको व्यवस्था | संसोधन भएर हुने व्यवस्था | संसोधनको कारण |
|---|---|---|---|---|
| | | | | |

सञ्चालक समितिका पदाधिकारीहरुको दस्तखतः

स्विकृत मितिः

दस्तखतः

स्वीकृत गर्ने पदाधिकारीको नामः

स्वीकृत गर्ने पदाधिकारी को पद

| |
|---|
| कार्यालयको छाप |

## अनुसूची १२
## (नियम ५९ को उपनियम २ (क) सँग सम्बन्धीत)

चौमासिक विवरण चौमास भुक्तान भएको मितिले १५ दिन भित्र बुझाउनु पर्ने सञ्चालक समिति र लेखा समितिका पदाधिकारीहरुको शेयर, वचत र ऋणको विवरण

(प्रथम/दोस्रो/तेस्रो चौमासिक)

श्री दर्ता गर्ने अधिकारी ज्यू

सहकारी शाखा

इनरुवा नगरपालिका

२०८... साल...............महिना सम्मको सञ्चालक समिति र लेखा समितिका पदाधिकारीहरुको शेयर वचत र ऋणको विवरण पेश गरेको व्यहोरा अनुरोध छ ।

संस्थाको नामः

सम्पर्क नं.

संस्थाको ठेगानाः

| क.स. | नाम,थर | पद | स्थायी ठेगान | शेयर | बचत | ऋण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

अध्यक्ष

नाम, थरः

## अनुसूची १३

**(नियम ५९ को उपनियम २ (ख) सँग सम्बन्धीत)**

सहकारी संस्थाहरुले बुझाउनु पर्ने वार्षिक प्रगति विवरण फारम

आर्थिक वर्ष २०८.../०८.....

१. संस्थाको नाम, ठेगानाः

२. संस्थाको दर्ता नं.ः मितिः दर्ता भएको कार्यालयः

३. संस्थाको उद्देश्य /कारोवारः

४. संस्थाको कार्यक्षेत्रः

५. शेयर सदस्य संख्याः

 ५.१. जम्माः

 ५.२. महिलाः

 ५.३. पूरुषः

६. लेखा परिक्षण सम्पन्न भएको पछिल्लो आर्थिक वर्षः

७. लेखापरिक्षण गर्ने संस्था र व्यक्तिको नाम, ठेगानाः

| लेखा परिक्षण गर्ने संस्थाको नाम,ठेगाना | लेखापरिक्षकको नाम | पारिश्रमिक | सम्पर्क नं. |
|---|---|---|---|
| | | | |

८. संस्था आवद्ध रहेको संघः

९. स्थायी लेखा (PAN)नम्वरः

१०. सञ्चालक समितिको संख्या ............ क) महिला........... ख) पूरुष ............

११. सञ्चालक समितिको बैठक संख्याः

१२. सञ्चालक समितिको निर्वाचन भएको मितिः

१३. सञ्चालक समितिको पदावधी सकिने मितिः

१४. लेखा तथा सुपरिवेक्षण समितिको बैठक संख्याः

१५. कर्मचारी सम्बन्धी विवरणः

१५.१.१. कर्मचारीको संख्या

क) महिलाः

ख) पुरुष

ग) जम्माः

१५.१.२. तालिम प्राप्त कर्मचारीको संख्याः

| तालिमको नाम | कर्मचारकिो संख्या | |
|---|---|---|
| | महिला | पुरुष |
| | | |

१६. प्रवन्धक वा व्यवस्थापन प्रमुखको नाम, ठेगाना र सम्पर्क फोन नं.

क) प्रवन्धक वा व्यवस्थापकको नाम,थर

ख) प्रवन्धक वा व्यवस्थापकको ठेगानाः

ग) प्रवन्धक वा व्यवस्थापकको सम्पर्क नं

१७.कारोवारको विवरणः

१७.१. चुक्ता शेयर पुँजी रुः

१७.१.१. महिला सदस्यको शेयर पुँजी रु

१७.१.२. पुरुष सदस्यको शेयर पुँजी रु

१७.२. संस्थाको प्राप्ति भुक्तानि र बाँकीको विवरणः

रकम रु.

| | | |
|---|---|---|
| क | गत आ.व.को अषाढ सम्मको तिर्न बाँकी ऋण | |
| ख | चालु. आ.ब.को अषाढ मसान्त सम्म लिएको कर्जा | |
| ग | चालु आ.व.को अषाढ मसान्त सम्म तिरेको कर्जा | |
| घ | चालु आ.व.सम्ममा कुल तिर्न बाँकी कर्जा | |
| ङ | चालु आ.व. सम्ममा कुल तिर्न बाँकी कर्जा मध्ये भाखा ननाघेको कर्जा | |

| | | |
|---|---|---|
| च | चालु आ.व. सम्ममा कुल तर्न बाँकी कर्जा मध्ये भाखा नाघेको कर्जा | |

१७.३. संस्थाको लगानी र असुली सम्बन्धी विवरणः

रकम रु

| | | |
|---|---|---|
| क | गत आ.व.को अषाढ मसान्त सम्म असुल गर्न बाँकी ऋण | |
| ख | चालु. आ.ब.को अषाढ मसान्त सम्म लगानी गरिएको कर्जा | |
| ग | चालु आ.व.को अषाढ मसान्त सम्म असुल गरिएको कर्जा | |
| घ | चालु आ.व.सम्ममा कुल असुल गर्न बाँकी ऋण | |
| ङ | चालु आ.व. सम्ममा कुल असुल गर्न बाँकी कर्जा मध्ये भाखा ननाघेको कर्जा | |
| च | चालु आ.व. सम्ममा कुल असुल गर्न बाँकी कर्जा मध्ये भाखा नाघेको कर्जा | |
| छ | चा.लु आ.व. सम्मको कुल कर्जा लागनी मध्ये महिला सदस्यलाई गएको कर्जा | |

१७.४. संस्थाको वचत निक्षेप सम्बन्धी विवरणः

रकम रु

| | | |
|---|---|---|
| क | गत आ.ब.को आषाढ मसान्त सम्मको बाँकी वचत निक्षेप | |
| ख | चा.लु. आ.ब. भरिमा संकलन गरिएको वचत निक्षेप | |
| ग | चालु आ.व. भरिमा फिर्ता गरिएको वचत निक्षेप | |
| घ | चालु आ.व.को अन्त्य सम्ममा वचत निक्षेपको दायित्व | |
| ङ | चालु आ.व.को अन्त्य सम्मको वचत निक्षेप मध्ये महिला सदस्य तर्फको जम्मा | |

१७.५. आ.व.को अन्त्य सम्म अन्य संस्था/संध/बैक/अन्य निकायमा शेयर लगानी गरिएको रकमको विवरणः

| क.स. | संस्था/संघ/बैक/अन्य निकायको | शेयर संख्या | शेयर रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | नाम, ठेगाना | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१७.६. खरिदः

१७.७. उत्पादनः

१७.८. विक्रीः

१७.९. नाफा नोक्सानः

१७.१०. हाल सम्मको जगेडा कोष रुः

१७.११. अन्य संघ, संस्था फर्ममा रहेको लगानी रुः

१७.१२. नगरपालिकालाइ बुझाउनु पर्ने /बुझाएको अन्य कर, दण्ड जरिवाना, शुल्क आदिः

<table>
<tr><th>शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>बहाल कर</td><td></td></tr>
<tr><td>||||||||||||||||||| कर</td><td></td></tr>
<tr><td>|||||||||||||||||||दस्तुर</td><td></td></tr>
<tr><td>||||||||||||||||जरिवाना</td><td></td></tr>
</table>

१८. स्थिर सम्पत्तिको विवरणः

क) स्थिर सम्पतिको खरिद मुल्यः

ख) चालु आ.व.को अन्त्य सम्मको कुल ह्रास खर्चः

ग) स्थिर सम्पत्तिको खुद मुल्यः

१९ संस्थाको कार्यक्षेत्र भित्र वडागत सदस्य संख्या र कारोवारको विवरण

| वडा नं. | सदस्य संखण | | कारोवार रकम | कारोवार प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | | |
| वडा नं. १ | | | | |
| वडा नं. २ | | | | |
| वडा नं. ३ | | | | |
| वडा नं. ४ | | | | |
| वडा नं. ५ | | | | |
| वडा नं. ६ | | | | |
| वडा नं. ७ | | | | |
| वडा नं. ८ | | | | |
| वडा नं. ९ | | | | |
| वडा नं. १० | | | | |

१९.संचालक समितिको पदाधिकारीको विवरणः

| क्र.स. | नाम,थर | पद | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रवन्धक/कार्यकारी प्रमुखको हस्ताक्षर

नाम, थर

मितिः

अध्यक्षको हस्ताक्षर

नाम,थर

मितिः

संस्थाको छाप

## अनुसूची १४

**(नियम ५९ को उपनियम २ (ग) सँग सम्बन्धीत)**

मितिः—

विषयः— लेखापरिक्षक नियुक्तिको जानकारी ।

श्री दर्ता गर्ने अधिकारी ज्यू

इनरुवा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

सहकारी शाखा

इनरुवा सुनसरी

यस संस्थाको आर्थिक वर्ष २०८ /०८ को लेखापरिक्षण गर्न मिति २०८ / / मा बसेको सञ्चालक समितिको बैठक निर्णय अनुसार लाई रु. ।पारीश्रमिक भूक्तानी दिने गरी लेखापरिक्षकमा नियुक्ति गरिएको व्यहोरा जानकारी गराएको व्यहोरा अनुरोध छ । नियुक्ति सँग सम्बन्धीत तपसिल बमोजिमका कागजात यसै पत्र साथ संलग्न छन ।

भवदीय,

दस्तखत

नाम

पद

तपसिलः

१) विगत तिन वर्षमा नियुक्त लेखापरिक्षकको नाम, ठेगाना

२) नियुक्ति तथा पारिश्रमिकका सम्बन्धमा साधारण सभाको निर्णयको प्रतिलिपी

३) लेखापरिक्षकको लेखापरिक्षण इजाजत पत्रको प्रतिलिपी

४) लेखपरीक्षकको कर चुक्ता प्रमाण—पत्रको प्रतिलिपी

५) लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षणमा नियुक्तिका लागि अयोग्य नभएको बेहोराको लिखितजानकारीको प्रतिलिपी ।

६) लेखापरीक्षको कार्यक्षेत्रगत शर्त सहितको नियुक्ति पत्र

अनुसूची १५

(नियम ५९ को उपनियम २ (घ) सँग सम्बन्धीत)

नव निर्वाचित संचालक समिति एवम् लेखा सुपरीेक्षण समितिका पदाधिकारी /सदस्यहरुको ब्यक्तिगत बिवरण

| क.स. | नाम | पद | ठेगाना | बाबु | बाजे | पति/पत्नि | सम्पर्क नं. | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अध्यक्ष

संस्थाको छाप

## अनुसूची — १६

**(नियम ५० को उपनियम १(ख) संग सम्बन्धित)**
**नयाँ संस्था दर्ता गर्न आवेदनगर्ने आवेदकहरुको विवरण**

प्रस्तावित संस्थाको नामः
प्रस्तावित संस्थाको ठेगानाः

| सि. नं. | बाजेको नाम, थर | बाबुको नाम,थर | पत्नि वा पतिको नाम थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेशा | सम्पर्क नं. | फोटो |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**नोटः** १) यो विवरण नगरपालिकाको वेवसाइड र स्थानीय पत्रपत्रिमा १५ दिनको समय दिई सूचना प्रकाशन गर्नु पर्ने छ र सम्बन्धित वडा कार्यालयको सूचना पार्टीमा समेत टाँस गर्नु पर्नेछ ।

२) बैंक वित्तीय संस्थाको कालो सूचिमा परेको, सोही स्थानीय तहमा समान प्रकृतिको अन्य संस्थाका सदस्य रहेको, अरु संघ संस्थामा ऋण चुक्ता नगरी सम्पर्क वाहिर रहेको, दामासाहीमा परेको, प्रचलित कानुन अनुसार अयोग्य देखिएको जस्ता विषयमा प्रमाण भए सो विषय उल्लेख गरी सूचना प्रकाशन भएको १५ दिन भित्र वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा उजुरी दिन सकिनेछ ।

**आज्ञाले,**
**डिल्लीराज निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**